वालिङ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वालिङ्, स्याङ्जा
स्था : २०७३
गण्डकी प्रदेश, नेपाल

प.स.: २०७६/०७७
च.नं. :

मिति : २०७७ जेठ

हाम्रो भनाई

पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर प्रक्रिया हो । समाजका आवश्यकता र चाहनाहरू परिवर्तनशील भएकाले समाजको माग र सिकारूको आवश्यकताका आधारमा विश्वब्यापी र स्थानीय विषयबस्तुलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने हुन्छ । विद्यार्थीका व्यवहार कुशल तथा जीवनपयोगी सिप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू सिकारूमैत्री बनाउनुपर्दछ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको सैद्धान्तिक अवधारणाअनुसार आधारभूत तहको मौजुदा पाठ्यक्रममा परिमार्जन गरी एकीकृत पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तह (१–३) मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले बार्षिक १६० पाठ्यघण्टाको र कक्षा (४–५) मा साप्ताहिक ४ पाठ्यघण्टाकादरले वार्षिक १२८ पाठ्यघण्टा स्थानीय विषयबस्तुलाई छुट्याईएको छ । स्थानीय विषय अर्न्तगत स्थानीय ज्ञान सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित विषयबस्तु समावेश गरिएका छन् । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ ,अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था अनुसार स्थानीय पाठ्यक्रम “हाम्रो वालिङ” को विकास गरिएको छ । यस पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले क्षमता विकास गरी सबै विद्यालयमा स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व नगरपालिकाको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपको संरचनाअनुसारको स्थानीय पाठ्यक्रम विबकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता सम्बोधन हुनाका साथै सिकाईप्रतिको अपनत्व समेत विकास हुन्छ । यही आवश्यकतालाई दृष्ट्रिगत गरी स्थानीय तहमा स्थानीय विषयबस्तुमा आधारित स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा गर्ने उदेश्यले यो स्थानिय पाठ्यक्रम “हाम्रो वालिङ” को विकास गरिएको छ । स्थानीय पाठ्यक्रम “हाम्रो वालिङ” मा वालिङको परिचय, वालिङको प्राकृतिक स्रोत र सम्पदा, यहाँका ऐतिहासिक र पर्यटकीय स्थल,संस्कार र संस्कृति, स्थानीय पेशा व्यवसाय र प्रविधि, स्थानीय खेलकुदहरू आदि विषयबस्तु समाबेश गरिएको छ । यसमा सिकाई सहजिकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, पाठ्यक्रम कार्यान्वयन योजना र पाठ्यक्रम परिमार्जन प्रक्रिया समेत समावेश गरिएको छ ।

यो स्थानीय पाठ्यक्रम हाम्रो वालिङ तयार गर्ने क्रममा उत्प्रेरणा प्रदान गर्नुहुने स्थानीय पाठ्यक्रम निर्माण समितिका सदस्यहरू, विषय विशेषज्ञ, शिक्षक, शिक्षाविद्, विद्यार्थी, अभिभावक एबं सम्बन्धित सरोकारवालाहरूप्रति वालिङ नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालवालिकालाई स्थानीय विषयबस्तुको ज्ञान प्रदान गर्नका लागि सम्बद्ध सबै पक्षको सक्रिय योगदानको अपेक्षा गरिएको छ ।

वालिङ नगरपालिका,स्याङ्जा

विषयसूची

१.	स्थानीय पाठ्यक्रम-हाम्रो वालिङ्	३
१.	परिचय	३
२.	स्थानीय पाठ्यक्रमको आवश्यकता	५
३.	पाठ्यक्रमको औचित्य	६
४.	विषय क्षेत्र	७
	स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया	८
२.१	नेपालको संविधान	८
२.२	पन्ध्रौं योजनाको अवधारणा पत्र (२०७६/०७७-२०७९/०८०)	८
२.३	स्थानीय सरकार सञ्चालन ऐन - २०७४	८
२.४	राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३	९
२.५	राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७५	९
२.६	राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन- २०४९	१०
२.७	प्राथमिक शिक्षा पाठ्क्रम- २०६२	१०
२.८	आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम- २०६९	११
२.९	आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम - २०७५	१२
२.१०	आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम	१२
	स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया :	१३
	विषयवस्तु क्षेत्र र क्रम	१५
	सिकाई उपलब्धि र विषयवस्तुको विस्तृतिकरण	१७
	सिकाई सहजीकरण विधि तथा प्रक्रिया	५७
	विद्यार्थी मूल्याङकन प्रक्रिया	५९
	पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया	६०
	अनुसूची - १ विद्यार्थी मूल्याङ्कन	६१
	कक्षा (४-५) को निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारहरु	६२
	विशिष्टकरण तालिका	६३

परिच्छेद : १

स्थानीय पाठ्यक्रम–हाम्रो वालिङ्

१. परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक एवम् विविधताले भरिपूर्ण देश हो । त्यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले स्थानीय स्तरका आवश्यक ज्ञान, सीप, प्रविधि र सक्षमताहरुलाई समेट्न नसकेको हुनाले स्थानीय पाठयक्रमको आवश्यकता परेको देखिन्छ । नेपालमा औपचारिक रुपमा प्राथमिक शिक्षा पाठयक्रम - २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था अनुरुप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङकको स्थानीय विषय वा मातृभाषा अध्ययन अध्यापन गर्ने व्यवस्था गरेको थियो । तर उक्त व्यवस्था प्रभावकारी कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठयक्रमलाई समेत विशेष महत्व दिदै यसलाई केही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठयक्रममा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिदै पाठयभार वृद्धि गरी साप्ताहिक पाठयभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतशित भार स्थानीय अंशको रुपमा समावेश गर्ने व्यवस्था गरियो। स्थानीय पाठयक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुदैन भन्ने कुरा निक्यौल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययन समेत गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) को पाठयक्रम २०६९ मा साप्ताहिक ५ पाठयभार र १०० पूर्णाङकको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय समावेश गरियो ।

नेपालको संविधान भाग ३ मा मौलिक हकको व्यवस्थाको धारा ३ र भाषा तथा संस्कृतीको हक अर्न्तगत उपधारा २ मा प्रत्येक व्यक्ति र समुदायलाई आफनो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ तथा उपधारा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफनो भाषा लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संर्वधन र संरक्षण गर्ने हक हुनेछ भन्ने प्रावधान रहेको हुनाले यसलाई व्यवहारमा कार्यान्वयनका लागि स्थानीय पाठयक्रम मार्फत स्थानीय भाषा, लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सीप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ ।

राष्ट्रिय पाठयक्रम विकास तथा मूल्याङकन परिषदको वि.स. २०७५ जेष्ठ १८ गतेको वैठकले सिफारिस गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा (१-३) मा ५ पाठ्यघण्टा अर्थात वार्षिक १६० घण्टा र कक्षा (४-८) मा यसका लागि ५ पाठ्यघण्टा अर्थात १२८ घण्टा छुट्याइएको र नेपाल सरकार शिक्षा मन्त्रालय, पाठयक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरले स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठयक्रम निर्माण र कार्यान्वयन सम्बन्धी स्रोत सामाग्री २०६८ अनुसार स्थानीय सरोकारवालाको आवश्यकता समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठयक्रम नै स्थानीय पाठयक्रम हो । यसमा स्थानीय ज्ञान, सीप र प्रविधिको समावेश गरिएको हुन्छ । स्थानीय पाठयक्रम वालिङ नगरपालिका क्षेत्र भित्रका विशिष्ट पहिचानलाई उजागर गर्दछ । आधारभूत तहको कक्षा (१-५) मा अध्ययनरत बालवालिकाहरुले औपचारिक रुपमा आफनो गाँउ, समाज, भूगोल प्राकृतिक सम्पदा यहाँका प्रचलित भाषा, सँस्कृति, ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको पहिचान गरी यसको संरक्षण गर्न विद्यार्थीहरुलाई प्रोत्साहित गर्नेछ । यस पाठ्यक्रमले बालवालिकालाई वालिङको बारेमा स्पष्ट खाका प्रस्तुत गरी वालिङमा रहेका प्राकृतिक, ऐतिहासिक, पेशा, व्यवसाय प्रविधि सामाजिक व्यक्तित्व र सामाजिक संस्थाका बारेमा जानकारी दिने उद्देश्य राखी यो पाठ्यक्रमको निर्माण गरिएको छ ।

वालिङ नगरपालिकाले स्थानीय स्तरका शिक्षाविद् बुद्धिजिवि शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितीका पदाधिकारीहरु, जनप्रतिनिधिहरु, नगरपालिकाका सदस्यहरु पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा स्थानीय पाठ्यक्रम हाम्रो वालिङ ले (कक्षा १-५) का लागि निम्न विषयवस्तु समावेश गरिएको छ :

- वालिङ नगरपालिकाको परिचय
- संस्कार, संस्कृति र आतिथ्यता
- प्राकृतिक स्रोत र सम्पदा
- पेशा व्यवसाय र प्रविधि
- विकासका पूर्वाधारहरु
- ऐतिहासिक तथा पर्यटकीय स्थल
- हाम्रो वातावरण, प्रकोप र हरित विद्यालय
- सामाजिक संघ संस्था र सामाजिक व्याक्तित्व
- स्वास्थ्य र सरसफाई
- स्थानीय खेलकुद

यो पाठ्यक्रम शैक्षिक सत्र २०७७ देखि कक्षा (१-५) सम्म लागु गरिने छ ।

२. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम देशभरिमा शैक्षिक सत्र २०७७ सालदेखि लागु हुनेछ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा (१-३) मा पाँच ओटा विषय गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय राख्नुपर्ने प्रावधान रहेको छ । स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्दछ । स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीय तहबाटै पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान रहेको छ ।

बालबालिकाको सिकाई आफ्नो घर, गाँउ र समुदायबाट शुरु हुन्छ। त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ समुदाय, प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरु, मूल्य, मान्यता धर्म, संस्कृति, स्रोत सामग्रीको आदिको जानकारी हुनुपर्छ । स्थानीय पाठ्यक्रम "**हाम्रो वालिङ**" निर्माण गर्नुको आवश्यकता निम्नानुसार रहेका छन् :

क) वालिङ नगरपालिकाको परिचय दिन ।

ख) वालिङमा रहेका ऐतिहासिक तथा पर्यटकीय स्थलको जानकारी दिई त्यसको संरक्षण प्रचारप्रसार गर्न ।

ग) वालिङ नगरपालिका भित्र रहेका विभिन्न जातजातिको संस्कार र संस्कृतिको पहिचान गरी त्यसको संरक्षण गर्न ।

घ) वालिङ नगरपालिका भित्र रहेका प्राकृतिक सम्पदाको संरक्षण गर्न ।

ङ) स्थानीय पेशा, व्यवसाय र प्रविधिको संरक्षण गर्न ।

च) वालबालिकाहरुलाई स्वास्थ्य र सरसफाई प्रति चेतना अभिवृद्धि गर्न ।

छ) स्थानीय खेलकूदको विकास, संरक्षण र संवद्धन गर्न, वातावरण सफा राखी हरित विद्यालय निर्माण गर्न ।

ज) वालिङ नगरपालिका भित्र रहेका सामाजिक संस्था र व्यक्तित्वको पहिचान र सम्मान गर्न ।

३. पाठ्यक्रमको औचित्य :

मानिस एक सामाजिक प्राणी हो । मानिस समाजमा बस्दछ । मानव सभ्यता, विकास र सुधारका कार्य पनि मानवबाट स्थानीय तहबाट नै सम्भव भएका हुन् । मानिसले आफ्नो पहिचानको लागि सर्वप्रथम आफ्नो गाँउ, समुदाय र त्यहाँ भएका प्राकृतिक ऐतिहासिक, धार्मिक, साँस्कृतिक, आर्थिक क्रियाकलापहरुको जानकारी हुनुपर्दछ । हामीले देश सुधार र विकास गर्नका लागि सर्वप्रथम आफू र आफ्नो क्षेत्रबाट सुधार गर्नुपर्दछ ।

स्थानीय स्तरका व्यवसाय, पेशा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी सीपयुक्त नागरिक तयार गर्ने तथा नेपाली कला, सौन्दर्य तथा वैशिष्ट्रयहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य रहेको छ। केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय तहको आवश्यकता पुरा गर्न नसक्ने भएकोले स्थानीय पाठ्यक्रमको औचित्य रहेको छ । वालिङ नगरपालिकाले यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक, पर्यटकीय धार्मिक महत्वका स्थलहरु प्राकृतिक सम्पदा तथा स्थानीय पेसा, व्यवसाय र प्रविधिहरु समावेश गरी यो पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरुले अझ स्पष्ट पार्दछ :

क. परम्परागत पेशा, व्यावसाय र प्रविधिलाई संरक्षण, सम्वर्द्धन तथा विकास गर्न सहयोग पुऱ्याउन ।

ख. स्थानीय ज्ञान, सीप र प्रविधिलाई विश्वव्यापीकरण गर्न ।

ग. भौगोलिक, जातिय, लैङ्गिक, भाषिक, धार्मिक सामाजिक आर्थिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

घ. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतीक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरुपको व्यवहार गर्न सक्ने तुल्याउन ।

ङ. स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

च. स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गर्न ।

छ. स्थानीय पाठ्यक्रम मार्फत सिकाईलाई व्यवहारिक तथा प्रभावकारी तुल्याउन ।

४. विषय क्षेत्र :

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५) आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम २०६९ तथा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ र स्थानीय पाठ्यक्रम प्रारुप २०७१ मा रहेका प्रावधान अनुरुप यो पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रमले वालिङ नगरपालिका क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले वालिङ नगरपालिका भित्रका ऐतिहासिक तथा पर्यटकीय स्थल, संस्कार र संस्कृति, प्राकृतिक सम्पदा, पेशा व्यावसाय प्रविधि, स्वास्थ्य सरसफाई, विकासका पूर्वाधारहरु, हाम्रो वातावरण र हरित विद्यालय, सामाजिक व्यक्तित्व, सामाजिक संस्थाहरु तथा स्थानीय खेलकूदहरु क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरुलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुलाई समेत केन्द्रविन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ :

क. **हाम्रो वालिङ** : नगरपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, सीमाना, जनसङ्ख्या, जातजाति, संघसंस्थाहरु ।

ख. **संस्कार, संस्कृति र आतिथ्यता** : जातजाति, मठमन्दिर, पर्व मेला आनिवानी, रहनसहन, मूल्य मान्यता, भाषा, भेषभूषा, गीत, संगीत ।

ग. **प्राकृतिक स्रोत र सम्पदाहरु** : खोला, वनजङ्गल, ताल कुवा पानीका स्रोतहरु ढुङ्गेधारा खानी इत्यादि ।

घ. **पेशा व्यवसाय र प्रविधि** : स्थानीय पेशा कृषि, आरन, जाँतो, ढिकी, कोल ।

ङ. **विकासका पूर्वाधारहरु** : शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, खानेपानी आदि ।

च. **ऐतिहासिक र पर्यटकीय स्थल :** वालिङ नगरक्षेत्र भित्रका महत्वपूर्ण स्थलहरु ।

छ. **हाम्रो वातावरण, प्रकोप र हरित विद्यालय** : स्वच्छ र सफा वातावरण र हरित विद्यालय ।

ज. **सामाजिक संघ संस्था र व्यक्तित्व** : वालिङको विकास निर्माण र समाजसेवामा विशेष योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्ति र संस्थाहरु ।

झ. **स्वास्थ्य र सरसफाई** : योग, प्रणायाम, ध्यान आसन, सरसफाई, भोजन व्यायाम आदि ।

ञ. **स्थानीय खेलकुदहरु** : भलिवल, फुटवल, कपर्दी, राज्य ..... ।

परिच्छेद : २

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रिया

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रुपमा प्रष्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरुमा स्थानीय पाठ्क्रयमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

२.१ नेपालको संविधान

जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने प्रावधान रहेको छ ।

अतः यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम मार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सीप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक माध्यम रहेको छ ।

२.२ पन्ध्रौं योजनाको अवधारणा पत्र (२०७६/०७७-२०७९/०८०)

पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रममार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीति लिइएको छ । यसका लागि विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रुपमा मातृभाषा वा स्थानीय भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्डबमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीति तय गरिएको छ ।

२.३ स्थानीय सरकार सञ्चालन ऐन - २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गित गरेको छ। यस्तै उक्त ऐनको दफा १ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ ।

२.४ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रुपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरेको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेको नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारुपले उल्लेख गरेको छ :

क. स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने

ख. केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने

ग. स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने

२.५ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७५

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७५/२/१८ को बैठकले सिफारिस गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप- २०७५ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १-३ मा ५ पाठ्यघन्टा अर्थात् बार्षिक १६० घन्टा र कक्षा ४-८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् बार्षिक १२८ घण्टा समय छुट्याइएको छ । उक्त प्रारुपमा स्थानीय पाठ्यक्रमको सन्दर्भमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

क. स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

ख. राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

ग. स्थानीय पाठ्यक्रममा आवश्यकताअनुसार विषयवस्तुहरु परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

घ. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

ङ. राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रुपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

च. स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

छ. स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

२.६ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन- २०४९

वि. सं. २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकारसमक्ष प्रतिवेदन पेश गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहायबमोजिको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

क. ग्रामीण परिवेशसँग सान्दर्भिक कृयाकलाप पाठ्यक्रममा नराख्नुका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ।

ख. जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रुपले समायेजन गरी ज्ञान र समझ दारीको विकास गर्नुपर्दछ ।

ग. प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनु पर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

घ. कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागू गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनुपर्छ ।

२.७ प्राथमिक शिक्षा पाठ्क्रम- २०६२

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

क. विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने

ख. मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेशा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज,स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने

ग. मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत

केन्द्रस्तरीय रुपमा पाठ्यक्रम निर्माण गर्न सकिने

घ. पाठ्यक्रममा स्थानीय अंशका रुपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घण्टी, सिर्जनात्मक कलाका लागि १९ घण्टी र शारीरिक शिक्षाका लागि १२ घण्टी निर्धारण गरिएको

ङ. स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने

२.८ आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम- २०६९

आधारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा संस्कृत व्याकरण वा अन्य विषय भनी पाठ्भार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रष्ट पार्दै भनिएको छ :

क. विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने,

ख. स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सीप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ,

ग. मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामाग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयनमा विद्यालय आफैँले निर्माण गर्नेछ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रुपमा पाठ्यक्रम निर्माण गर्न सकिने,

घ. अन्य विषयकारुपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषय पर्ने । उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दै जाने,

२.९ आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम - २०७५

आधारभूत तहमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरु समावेश गरिने छ :

क. स्थानीय विषयअन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्नेछन् । स्थानीय विषयअन्तर्गत मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सीप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरुसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामाग्री विद्यालयले स्थानीय विज्ञ, अभिभवाक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनेछ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरु परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूल र विकास गरी कार्यान्वयन गरिनेछ,

ख. संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरुप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिनेछ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामाग्री कार्यान्वयन गरिनेछ,

ग. कक्षा १-३ को कूल पाठ्यभार २६ पाठ्यघण्टा मध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि बार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरुको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ ।

२.१० आधारभूत तहमा २०७७ देखि कार्यान्वयन हुने पाठ्यक्रममा स्थानीय पाठ्यक्रम

वि.सं. २०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षमा कक्षा १-८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने ४-८ कक्षा मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । कक्षा १-८ यो समयावधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् । सामान्यतया कक्षा १-३ मा कम्तीमा २ देखि बढीमा ५ पाठ्यघण्टा तथा कक्षा ४-५ कम्तीमा २ देखि बढीमा ४ पाठ्यघण्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुनेछ । कक्षा ६-८ मा भने स्थानीय आवश्यकता तथा मागको आधार मा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा र अन्य कुनै एक स्थानीय विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रक्रिया :

वालिङ नगरपालिकाले स्थानीय पाठ्यक्रम "**हाम्रो वालिङ**" कार्यान्वयन गर्नका लागि वालिङ नगरपालिकाका जनप्रतिनिधिहरु, शिक्षक, विद्यार्थी, शिक्षाविद्, बुद्धिजीवी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, नगरपालिकाका सदस्य आदिसँग सुझाव, प्रतिक्रिया, माग, अध्ययन तथा अनुसन्धान गरी स्थानीय आवश्यकताको पहिचान गर्दै वालिङ नगरपालिकाको आवश्यकताका आधारमा स्थानीय समुदाय, शिक्षाविद्, जनप्रतिनिधि, विद्यार्थी, शिक्षक आदिको सक्रिय सहभागिताको यो पाठ्यक्रम निर्माण गरिएको छ ।

यो पाठ्यक्रम मस्यौदा समितिमा छलफल गरी नगर शिक्षा समिति तथा नगर कार्यपालिकाबाट स्वीकृत भएपश्चात सत्र २०७७ सालदेखि कक्षा १ मा कार्यान्वयन गरिने छ । यो पाठ्यक्रमले आधारभूत तहको पाठ्यक्रमअर्न्तगत कक्षा (१-३) मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात १६० घण्टा छुट्याइएको छ ।

स्थानीय पाठ्यक्रम "हाम्रो वालिङ" कार्यान्वयनका चुनौती :

वालिङ नगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम "हाम्रो वालिङ"ले यहाँको धार्मिक, सांस्कृतिक, पर्यटकीय, भाषा, भेषभूषा रहनसहन, सामाजिक मूल्य मान्यताहरुलाई वास्तविक रुपमा चित्रण गरेको छ ।

स्थानीय पाठ्यक्रम "हाम्रो वालिङ" कार्यान्वयन सन्दर्भमा निम्नलिखित चुनौतीहरु रहेका छन् :

क) भौगोलिक, सांस्कृतिक तथा सामाजिक विविधतालाई सम्बोधन गर्न,

ख) स्थानीय पाठ्यक्रम सम्बन्धमा सरोकारवालामा अपनत्वको भावना विकास गराउन,

ग) स्थानीय विषयका पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोग वृद्धि गर्न,

घ) स्थानीय पेशा, व्यवसाय, प्रविधिहरुको संरक्षण र संवद्धन गर्न,

ङ) स्थानीय तहको सक्रियतामा स्थानीय पाठ्यक्रम "हाम्रो वालिङ" तथा यसका पाठ्यसामग्री विकास गर्न,

च) प्रभावकारी अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण संयन्त्र विकास र कार्यान्वयन गर्न,

छ) स्थानीय पाठ्यक्रम पाठ्यसामग्री तयार गर्नका लागि आवश्यक पर्ने जनशक्तिको खोज विकास तथा परिचालन गर्ने,

ज) स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न,

स्थानीय तहको पाठ्यक्रम निर्माणका सन्दर्भमा उल्लिखित चुनौती सामना गरी यसको विकास र कार्यान्वयनलाई प्रभावकारी बनाइनु आवश्यक छ । यो स्थानीय पाठ्यक्रम "**हाम्रो वालिङ**" प्रभावकारी कार्यान्वयन गर्नका लागि निम्न कार्यहरु गर्न आवश्यक छ :

क) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा कार्यान्वयनका लागि स्थानीय स्तरमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

ख) स्थानीय पाठ्यक्रम निर्माणमा सबै तहका व्यक्ति, सरोकारवाला वुद्धिजिवि, शिक्षाविद, शिक्षक, विद्यार्थी, स्थानीय सीपका ज्ञाता लगायतका व्यक्तिलाई समेटेर स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने व्यवहारिक पाठ्यक्रम बनाउने ।

ग) स्थानीय सीप, पेशा, व्यवसाय, प्रविधि संरक्षण गर्नका लागि जनचेतना वृद्धि गर्ने ।

घ) वालिङको सामाजिक, आर्थिक, पर्यटकीय, धार्मिक, विकासका पूर्वाधार लगायतका विषयवस्तुलाई समावेश गराउनका लागि राजनीतिक तहमा व्यापक सहभागिता कायम गर्ने ।

ङ) स्थानीय तहले निर्माण गरेको पाठ्यक्रम कार्यान्वयन गर्नका लागि अनिवार्य दायित्वको कानुनी आधार निर्माण गर्ने ।

विषयवस्तु क्षेत्र र क्रम

क्षेत्र	मुख्य विषयवस्तु	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
१.हाम्रो नगर पालिका	सामान्य परिचय चित्र सहित ।	"**हाम्रो वालिङ**" वालिङको चित्र ।	नगर सीमा र वडा जानकारी ।	प्रदेश, जिल्ला ,वालिङ तथा छिमेकी गाउँपालिका र नगरपालिका ।	भौगोलिक अवस्थिति ।	नामाकरण जनसंख्या क्षेत्रफल ।
२. संस्कार, संस्कृति र आतिथ्यता	जातजातिका झाँकी सहितको परिचय ।	स्थानीय जातजाति र चाडपर्वको चित्र सहितको परिचय ।	गह्रौँसुर मन्दिर लाखेजात्राको सामान्य परिचयअकला देवी मन्दिर ।	गुरुङ क्होइवो, गुम्बा, मस्जिदको जानकारी ।	पञ्चेबाजा, सोरठी, घाटु नृत्य, सालैजो र आधिँखोले रोइला संस्कृति ।	विभिन्न जातजाति जीवित र मृत्यु संस्कारहरु ।
३. प्राकृतिक स्रोत र सम्पदा	नगरपालिका भित्रका प्राकृतिक स्रोत र सम्पदाको परिचय ।	आँधीखोला, जंगलको चित्र वर्णन अकलादेवी र गह्रौसुर मन्दिर चित्र वर्णन ।	शाखा जल सम्पदा र जंगलहरुको संक्षिप्त जानकारी ।	वडागत जल सम्पदा र वन सम्पदाको अवस्थिति ।	प्राकृतिक सम्पदाहरुको उपयोगको अवस्था ।	प्राकृतिक स्रोत सम्पदाको विशेषता र महत्व ।
४. पेशा, व्यवसाय र प्रविधि	नगरक्षेत्र भित्रका प्रमुख पेशा, व्यावसाय र प्रविधि परम्परागत समेत ।	कृषि फर्म, निर्माणका कामदार, पशुपालनका चित्र सहितको परिचय ।	चित्र सहित पेशा, व्यवसाय र प्रविधिमा रहेको अन्तर परिचय ।	स्थानीय क्षेत्रका परम्पर ागत प्रविधि निर्मित सामाग्रीको सूची सहित परिचय (कोल, ढिकि, जाँतो, पानी घट्ट आदि) ।	यी पेशा, व्यवसाय र प्रविधिहरुको संरक्षणको आवश्यकता र उपयोगको स्थिति	यी पेशा, व्यवसाय र प्रविधिहरुको महत्व र रोजगारी सिर्जनमा यिनीहरुको भूमिका ।
५. विकासका पूर्वाधारहरु	सडक, पुल, विद्यालय, नहर, सञ्चार, विद्युत, आदिको परिचय ।	सडक, पुल, विद्यालय, नहर, सञ्चार, विद्युत, आदिको चित्र सहित परिचय ।	नगरक्षेत्रका मूख्य पूर्वाधारहरुको सूची ।	नगरपालिकाद्धारा नगर स्तरीय योजनाबाट निर्मित केही विकासका पूर्वाधार हरुके परिचय ।	विकासका पूर्वाधारहरुको महत्व र विशेषता ।	जिल्ला भित्रका केही मुख्य विकासका पूर्वाधार हरुको जानकारी ।

क्षेत्र	मुख्य विषयवस्तु	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
६. ऐतिहासिक र पर्यटकीय स्थलहरु ।	महत्वपूर्ण ऐतिहासिक र पर्यटकीय महत्वका स्थलहरु ।	चित्र सहित पूरानो गह्रौकोट राज्य, मन्दिर बुढाकोट र सिर्सेकोट मैदानको परिचय ।	अकला मन्दिर, छाँयाक्षेत्र, स्वरेक मैदान, लंकाकोट, चन्द्रकोटको सामान्य जानाकारी ।	बाहुनथान, मन्सांकोट, सिद्धगुफा, देउराली गुफा पताञ्जली योगपीठको परिचय ।	प्याराग्लडिङ, साइक्लिङ साहसिक यात्राको जानकारी होमस्टे परिचय ।	गह्रौकोट राज्य, गह्रौसुर मन्दिर, छायाँक्षेत्र मन्दिर र आँधीखोलाको ऐतिहासिक परिचय ।
७. हाम्रो वातावरण हरित विद्यालय र प्रकोप व्यवस्थापन ।	स्थानीय तहको वातावरणीय अवस्था र हरित विद्यालय विकासको अवस्था ।	हावापानी र वाल उद्यानको चित्र सहित परिचय ।	हावापानी,वगैचा बोटविरुवाको आवश्यकता हरित विद्यालय ।	वातावरण र प्रकोपको अवस्था हरित विद्यालय बनाउने तरिका ।	प्रकोप व्यवस्थापन फोहोर व्यावस्थापन उपाय हरित विद्यालयको महत्व ।	प्रकोप, प्रदुषणका प्रकार न्यूनीकरणका उपाय, हरित विद्यालयको अभ्यास ।
८. सामाजिक संघ संस्था र व्यक्ति परिचय ।	वालिङको विकास निर्माण र समाज सेवामा महत्वपूर्ण योगदान पुऱ्याउने संघसंस्था र व्यक्तिहरुको परिचय ।				सामाजिक, साहित्यिक संघ संस्थाहरुको परिचय ।	सामाजिक सेवाको परिचय, वालिङ क्षेत्रका केही सामाजिक, शैक्षिक व्यक्तिहरुको परिचय ।
९. स्वास्थ्य र सरसफाइ ।	स्वास्थ्य र सरसफाईको आवश्यकता र महत्व ।	शरीरका अंगहरुको सरसफाईको परिचय विद्यालय तथा घरको सरसफाई चित्र सहित	शरीर, घर र विद्यालयको सरसफाई गर्ने तरिकाहरुको अभ्यास ।	वातावरणीय सरसफाइ तथा सरसफाईका सामाग्रीहरुको उपयोग र संख्या व्यक्तिगत स्वास्थ्य र सामुदायिक स्वास्थ्य ।	स्वास्थ्य र सरसफाईको फाइदा र महत्व ।	सरसफाइ र स्वास्थ्य तथा अनुशासित जीवनको सम्बन्ध, सिकाइमा पार्ने प्रभाव ।
१०. स्थानीय खेलकुदहरु	स्थानीय तहमा खेलिने खेलकुदहरुको परिचय	स्थानीय खेलकुदहरुको चित्र सहित परिचय	गट्टा, राज्य, चम्चादौड, रुमाल लुकाउने खेल	म्यूजिकल चेयर, स्कीपिङ, नेता चिन्ने खेल	डण्डीवियो, कपर्दी, रुमालचोर	कपर्दी, ढुंगा चिन्ने खेल, भलिवल, क्रिकेट, फुटवल

सिकाई उपलब्धि र विषयवस्तुको विस्तृतिकरण

कक्षा–१

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
१. हाम्रो नगर पालिका वालिङ	- आफ्नो वासस्थान, गाउँ/नगर पहिचान गर्न र नाम बताउन । - नगर पालिकाका मुख्य गाउँ/नगरहरु र नगरपालिकाको नाम -बताउन ।	- मेरो वासस्थान, र गाउँ/नगर पालिका वालिङ। - हाम्रो नगर पालिका वालिङ ।	- मेरो वासस्थान, र गाउँ/नगरको चित्र र नाम । - नगरपालिकाको मुख्य गाउँ/नगर पालिकाको चित्र र नाम ।	- मानिस, वन्यजन्तु एवं चराहरुको वासस्थानको चित्र दे खाउने र वासस्थान को बारेमा छलफल गर्ने । - गाउँ र नगर को चित्र देखाउने, गाउँ र नगरका मानिसहरुले गर्ने कामको बारेमा चित्र देखाई छलफल गर्ने र बताउन लगाउने । - नगरपालिकाका मुख्य बजारहरु चित्रमा देखाउने र नगरपालिकाको नाम माथि छलफल गर्ने ।	- वासस्थानको चित्र-घर, वन, गुँड, ओडार - गाउँ, नगर र मुख्य बजारहरु र नगरपालिकाको चित्र - गाउँ र नगरमा बस्ने मानिस विभिन्न पेशा झल्काउने चित्रहरु (किसान, टेलर व्यापारी आदि ।)	- शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी को सहभागीताका आधार मा मूल्यांकन गर्ने - चित्र पहिचान र प्रश्नको सही जवाफ दिएका आधारमा मापन गर्ने ।	२३

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
२. संस्कार, संस्कृति र आतिथ्यता	- स्थानीय रुपमा बस्ने जातजाति र चाडपर्वहरुको सूची बनाउन । - स्थानीय रुपमा बस्ने जातजाति र चाडपर्वहरुको बारेमा बताउन र सहभागि हुन । -सामान्य शिष्टचार को प्रयोग गर्न ।	- स्थानीय रुपमा बस्ने जातजाति र चाडपर्वहरुको परिचय ।	-ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, दमाई, कामी, सार्की जातजातिहरुको वर्णन । -दशै, तिहार, तीज जस्ता चाडपर्वहरुको परि चय । -स्थानीय रुपमा मनाउने चाडपर्वमा लगाईने पोशाक, खाना, र गरिने क्रियाकलापहरुको आदि । -नमस्कार, बाबु, हजुर जस्ता शब्दहरुको प्रयोग ।	आफनो समुदाय, छरछिमेकमा रहेका जातजातिहरुको नाम भन्न लगाउने । - दशै तिहार तीज आदि चाडपर्वमा गाईने गीत, खेल्ने पिङ, नाचसँग सम्बन्धित क्रियाकलाप गर्न, भन्न,अभिनय गर्न लगाउने । - सरोकार वालाहरुलाई नमस्कार गर्ने व्यवहारको विकास गराउने ।	-जातजातिका चित्र पोष्टरहरु - चाडपर्वहरु सँग सम्बन्धित पोष्टर तथा फोटोहरु अन्य श्रब्यदृश्य सामाग्रीहरु । -नमस्कार गरेको दृश्य सामाग्री ।	-आफ्नो समुदायमा बसोबास गरेका जातजातिहरुको नाम भन्न लगाउने । -आफ्नो समुदायमा बसोबास गरेका चाडपर्वहरुको नाम भन्न तथा गरिने क्रियाकलाप लगायत लगाइने पोशाकको बारेमा भन्न तथा लेख्न लगाउने । - बालवालिकाहरुले नमस्कार गर्ने बानीको विकासको मूल्याङ्कन गर्ने ।	२५

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
३. प्राकृतिक स्रोत र सम्पदा	- आफ्नो गाउँ/नगर वरपर रहे का जल सम्पदा-नदी, खोला, झरना, कुवा को नाम बताउन । - आफ्नो गाउँ/नगर नजिकको वनसम्पदा- वन, वृक्ष, विरुवाको पहिचान र नाम बताउन । - आफ्नो गाउँ/नगर वरपरको स्थल सम्पदा-खेती बारी, चौर मैदान, डाडाकाँडा एवं साँस्कृतिक सम्पदा-मन्दिरको पहिचान गर्न र नाम बताउन ।	- हाम्रो जलसम्पदा - हाम्रो वनसम्पदा - हाम्रो स्थल सम्पदा - हाम्रो साँस्कृतिक सम्पदा	- जलसम्पदा-आँधी खोला, डौवा खोला, मिर्दीखोला अर्मादी खोला, वायखोला को चित्र र नाम । - हाम्रो वनसम्पदा गह्रौसुर, दाङसिया, लंकाकोट सामुदायिक वनको चित्र र नाम - हाम्रो स्थलसम्पदा डौवा फाँट वालिङ खेलमैदान, वुढाकोट, चन्द्रकोट - हाम्रो साँस्कृतिक सम्पदा-गह्रौसुर, अकला- देवी, छाङ्छाङ्दी मन्दिर	-जल सम्पदाका चित्रहरु देखाउने सोध्ने पहिचान गर्न लगाउने । - वनसम्पदा, स्थल सम्पदा, साँस्कृतिक सम्पदाहरुको चित्र देखाउने पहिचान गर्न लगाउने र ती सम्पदाहरुको नाम सोध्ने, विद्यार्थीलाई उत्तर दिन कठिन भए नाम बताउने ।	- वालिङ न.पा. स्थित-जलसम्पदा, स्थल सम्पदा, वनसम्पदा र साँस्कृतिक सम्पदाहरुको चित्र र नाम ।	- आफ्नो ठाउँमा भएका प्राकृतिक स्रोत र सम्पदाको नाम सोध्ने । - वरिपरिका वन, विरुवा, मन्दिर आदिको नाम वताउन लगाउने ।	२४

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
४. पेशा, व्यवसाय र प्रविधि	- आफ्नो परिवार का सदस्यहरुको पेशा बताउन । - आफ्नो छिमेक का पेशा बताउन स्थानीय पेशाका औजारहरु बताउन ।	- आफ्नो परिवार र छिमेकीका पेशाहरु तथा औजारहरु ।	- आफनो परिवार का सदस्यहरुको पेशाको परिचय । - आफना छिमेकीका पेशाको परिचय । -स्थानीय पेशाका औजार तथा सामाग्रीहरु ।	-स्थानीय मानिसहरुले गर्ने कामको सूची बनाई प्रस्तुत गर्ने । - खेतीपाती, पशुपालन, व्यापार, मजदुरी आदि । - आफना परिवार का सदस्यहरुले गर्ने काम सोध्ने । - आफना छिमे कीहरुले गर्ने काम सोध्ने । स्थानीय पेशाका औजारहरुको नाम सूची बनाइदिने ।	- स्थानीय मानिसहरुले काम गरेको फोटो सहित सूची । - पेशामा प्रयोग हुने औजारका फोटोहरु । - काम र औजार हरुको पोष्टरहरु ।	- परिवारका सदस्यहरुको काम भन्न लगाउने । - छिमेकीका काम वा पेशा भन्न लगाउने । -स्थानीय कार्यमा प्रयोग हुने औजारहरु भन्न लगाउने - काम र औजार को सम्बन्ध बताउन लगाउने	१९
५. विकासका पूर्वाधारहरु	- विकासका पूर्वाधारहरु चित्र हेरेर भन्न । - विकासका मुख्य पुर्वाधारहरु भन्न ।	-वालिङ नगर क्षेत्र भित्र विकासका मूख्य पूर्वाधारहरु ।	- वालिङ नगरक्षेत्र भित्र विकासका मुख्य पूर्वाधारहरु (सडक, पुल, विद्यालय, स्वास्थ्य चौकि, कुला, नहर, खानेपानी, विद्युत, सञ्चार) ।	- चित्र प्रदर्शन गरी विकासका मुख्य पुर्वाधार को नाम बताउने । -चित्र देखाएर विकासका पूर्वाधारहरु भन्न लगाउने । - आफ्नो स्थानीय तहमा भएका विकासका मुख्य पूर्वाधारहरु भन्न लगाउने ।	- विकासका मुख्य पुर्वाधारहरु सडक, पुल, विद्यालय, स्वास्थ्यचौकी, विद्युत, सञ्चार,खानेपानीको धारा, कुला, नहरको फोटो, चित्र पोष्टर ।	- विकासका मुख्य पूर्वाधारहरु के के हुन भन्न लगाउने । - चित्र देखाएर विकासका पूर्वाधारहरु चिन्न र भन्न लगाउने । - आफ्नो टोलमा भएका विकासका मुख्य पूर्वधार भन्न लगाउने ।	१९

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
६. ऐतिहासिक र पर्यटकीय स्थल	– प्राचीन गढ्नौकोट राज्य वालिङमा पर्ने कुरा बताउन। –गढ्नौसुर मन्दिर, बुढाकोट, सिर्सेकोट मैदान सामान्य परिचय दिन ।	– गढ्नौकोट राज्यको सामान्य ऐतीहासिक परिचय । –गढ्नौसुर मन्दिर बुढाकोट र सिर्से कोट मैदानको हाम्रा प्रमुख पर्यटकीय स्थल ।	– गढ्नौकोट राज्यको चित्र सहित २/३ वाक्यमा ऐतिहासिक परिचय । – गढ्नौसुर मन्दिर, बुढाकोट र सिर्से कोट मैदानको चित्र सहित मनोरम पर्यटकीय स्थलको जानकारी । –गढ्नौकोट राज्य, ऐतिहासिक गढ्नौसुर मन्दिर धार्मिक पर्यटकीय एवम बुढाकोट सिर्सेकोट मैदान पर्यटकीय स्थल भएको विवरण ।	–विद्यालयको नजिकमा रहेको कुनै ऐतिहासिक वा पर्यटकीय स्थलको भ्रमण गराउने । –सम्भव हुनेले ३ मध्ये कुनै एक स्थलको अवलोकन भ्रमण गराउने । –श्रब्य दृश्य सामाग्री मोवाइल वा प्रिजेन्टेसनबाट प्रस्तुत गर्ने ।	–गढ्नौकोट राज्य गढ्नौसुर मन्दिर बुढाकोट र सिर्सेकोट मैदानको फोटो चित्र पोस्टर । –ती सँग सम्वन्धित श्रव्य दृश्य सामाग्रीहरु	–गढ्नौकोट राज्य गढ्नौसुर मन्दिर सिर्से कोट मैदान के कस्ता स्थल हुन भनी प्रश्न गर्ने । –चित्र देखाइ यो कुन स्थल हो भनी सोध्ने । –एक दुई वाक्यमा ती स्थानको परिचय लेख्न लगाउने ।	२५

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
७. हाम्रो वातावरण, प्रकोप र हरित विद्यालय	- हाम्रो गाउँ/नगर को हावापानी बताउन । - विद्यालय बगैं चाको पहिचान गर्न र नाम बताउन ।	- हाम्रो गाउँ/नगरको हावापानी । - हाम्रो बगैंचा ।	- गर्मी-जाडो हावापानी झल्कने चित्र । - बालबगैंचा / विद्यालय बगैंचामा रोपिने विभिन्न फूलका चित्र र नाम ।	- जाडो, गर्मी, वर्षाको बारेमा चित्र देखाउने, प्रश्नोत्तर गर्ने र हावापानीको बारेमा बोध गराउने । - विभिन्न प्रकोप चित्र देखाउने नाम सोध्ने र बताउने । - फूलहरुको नाम सोध्ने, पहिचान गर ाउने, बाल बगैंचाको बोध गराउने ।	- बाक्लो कपडा पातलो कपडा र छाता आडेको व्यक्तिको चित्र । - फूल र फूलका विरुवाका चित्रहरु ।	- चित्र पहिचान का आधारमा मापन गर्ने । - पहिचानका आधार मा नाम भन्न सके का आधारमा मापन गर्ने । - प्रश्नको उत्तर दिन सकेको वा उत्सुकता आधारमा मापन गर्ने ।	२०

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
८. स्वास्थ्य र सरसफाइ	- शरिर का अंगहरुको सरसफाइ गर्ने । - व्यक्तिगत सरसफाईका लागि आवश्यक सामाग्रीको नाम भन्न - सरसफाइ गर्नुपर्न स्थानको सूची बनाउन ।	- सरसफाईको परिचय घर र विद्यालयको सरसफाई ।	- हात, मुख आँखा, कान, कपाल, गोडा र शरीरको सफाइ । - सरसफाईका सामाग्रीको नाम र प्रयोग । - कक्षाकोठा घर र करेसाबारी सफाई (कुचो, सावुन, पोचा,पानी आदी) ।	- सफा सुग्घर बालक र फोहोरी बालकको फोटो चार्ट देखाई दाज्ँन लगाउने । - कक्षामा भएका बालवालिकाहरु सफा भएको वा नभएको हेरी सफा बालकको नमुना देखाउने । - सरसफाइका सामाग्री देखाई भन्न लगाउने । - कक्षाकोठा र विद्यालयको सरसफाई गर्ने ।	- सफा र फोहोरी बालकको चार्ट सरसफाईका सामाग्रीहरु सम्बन्धित पोष्टर, चित्र, चार्ट ।	- ब्रस, कोलगेट, काइयो, सावुन। रुमाल, माक्स प्रयोग गर्न लगाउने । - कक्षाकोठा र आफूले पढ्ने तथा सुत्नेकोठा किन सफा गर्नुपर्छ भन्न लगाउने ।	१९
९. स्थानीय तहमा खेलिने खेलहरु	- स्थानीय तहमा खेलिने परम्परागत खेलहरु चिन्न र भन्न ।	- स्थानीय तहमा खेलिने परम्परागत खेलहरुको परिचय ।	- गट्टा, राज्य, (एकखुट्टे), चम्चा दौड आदिको चित्र र अभ्यास ।	- स्थानीय तहमा खेलिने परम्परागत खेलहरुको चित्र बताईदिने र खेल्न सिकाउने ।	- ढुंगा, चम्चा आदि आवश्यक सामग्रीको प्रदर्शन गर्ने ।	- स्थानीय तहमा खेलिने परम्परागत खेलहरुको चार्ट बनाई चिन्न लगाउने ।	१८

सिकाइ उपलब्धि र विषयवस्तुको विस्तृतिकरण

कक्षा-२

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
१. हाम्रो नगरपालिका वालिङ	- वालिङ न.पा. को वडा संख्या पहिचान गर्न र बताउन । - आफ्नो वडा नं. पहिचान गर्न र भन्न/बताउन । - आफ्नो वडाको गाउँ/ नगरहरुको नाम भन्न/बताउन । - छिमेकी वडाहरुको पहिचान गर्न र बताउन ।	- वालिङ न.पा. र यसका वडाहरु । - आफ्नो वडा र यसका मुख्य गाउँ र नगरहरु । - छिमेकी वडाहरु ।	- वडा सहित नगर पालिकाको पूर्ण चित्र/नक्सा । - सबै वडाहरुको मुख्य/मुख्य गाउँ र बजार संकेत सहित नाम भएको चित्र । - छिमेकी वडाहरु पहिचान गर्न सकिने नगरपालिकाको नक्सा ।	- नगरपालिकाको नक्सा देखाउने । - श्रव्य दृश्य सामाग्री मार्फत वडा सहितको नगरपालिकाको पहिचान गर्दै निम्न प्रश्न सोध्ने- - नगरपालिकाको वडा संख्या ? - तिमी बस्ने वडा ? - तिम्रो वडा वडाका मुख्य गाउँ/टोल वा बजारहरु कुन कुन हुन ? - बालबालिकालाई उत्तर दिन सहयोग पुऱ्याउने ।	- सबै वडा सहित नं.पा. को नक्सा । - मुख्य-मुख्य गाउँ र बजार इंगित न.पा. को नक्सा । - नगरपालिकाको वडागत रुपमा देखिने गरी श्रव्य दृश्य सामाग्री ।	- विद्यार्थीको सहभागीता, नक्सामा पहिचान र उत्तर दिन सके का आधारमा मापन गर्ने । -आफ्नो वडाको नं.र छिमेकीको वडा समेत सोध्ने ।	२३

क्षेत्र	सिकाई उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
२. संस्कार, संस्कृति र आतिथ्यता	-गह्रौसुर र अकला देवी मन्दिर र तिनीहरुमा रहे का देवीको बारेमा बताउन । -ती मन्दिरमा लाग्ने मुख्य मेला र पूजाको बारेमा बताउन । -लाखेजात्राको बारे मा सामान्य परिचय दिन र कहिले लाग्छ भन्ने बताउन । - सामान्य शिष्टचार र नम्र भाषाको प्रयो ग गर्न ।	-गह्रौसुर र अकला देवी मन्दिरको सचित्र परिचय त्यहाँ लाग्ने मेला र पूजा पर्वको सचित्र परिचय । -लाखे जात्राको परम्परा र यो कुन जातिले आयोजना गर्छ भन्ने परिचय । - सामान्य शिष्टचार र नम्र भाषाको परिचय ।	- गह्रौसुर र अकला देवी मन्दिर कुन कुन वडामा पर्छन ? सोको जानकारी । - त्यहाँ कुन कुन समयमा पूजा र मेला लाग्छ भन्ने जानकारी लाखेजात्रा, मेला, र परम्पराको चिनारी । - बालबालिकाहरुलाई नमस्कार, हजुर, आउनुहोस, जानुहोस जस्ता आदार सत्कार गर्ने शब्द सिकाउने ।	- सम्भव भएकाहरुले गह्रौसुर र अकलादेवी मन्दिर अवलोकन भ्रमण र नहुने अन्यले विद्यालय नजिक रहेका मठ मन्दिर को अवलोकन भ्रमण गराउने । - गह्रौसुर र अकलादेवी मन्दिरमा लागेको मेला तथा लाखेजात्राको श्रव्य दृश्य सामाग्री प्रदर्शन गराउने । - मन्दिरमा लाग्ने मेला, लाखे जात्राको चित्र पोष्टर देखाई छलफल र प्रश्नोत्तर गराउने - सानालाई माया र ठूलालाई आदारसत्कार गरेको दृश्य सामाग्री दे खाई छलफल र प्रश्नोत्तर गर्ने ।	- गह्रौसुर र अकलादेवी मन्दिर तथा लाखेजात्राको चित्र, पोष्टर । ती सँग सम्बन्धित श्रव्य दृश्य सामाग्रीहरु । - आदर सत्कार, माया ममता, नमस्कार गरेको दृश्य सामाग्री ।	-गह्रौसुर र अकला देवी मन्दिरको चित्र निर्माण गर्न लगाउने त्यहाँ लाग्ने पूजा मेलाको नाम भन्न लगाउने । -गह्रौसुर र अकला देवी मन्दिर तथा लाखेजात्राको परिचय लेख्न लगाउने । - बालबालिकाहरुको आदार सत्कारका कुराहरुको मूल्यांकन गर्ने ।	२५

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
३. प्राकृतिक स्रोत र सम्पदा	- आफ्नो वडामा रहेका जलसंपदा, स्थल संपदा, वनसंपदा र साँस्कृतिक संपदाको सूची तयार पार्न एवं बताउन । - वालिङ न.पा. र हाम्रो जिल्लामा रहेका प्रमुख संपदाहरुको शोधखोज गरी बताउन ।	- हाम्रो संपदा जल, स्थल, वन र साँस्कृतिक संपदा ।	- वालिङ नगर पालिकालाई चित्र देखाई सम्पदाहरुको पहिचान गर्न लगाउने । - जलसंपदा आँधीखोला, ज्यारदीखोला कालीगण्डकी । - वनसम्पदा-गह्रौसुर, हरिनास - स्थल सम्पदा-आँधीखोला फाँट, ज्यारदीफाँट, चापाकोट, पञ्चासे, बुढाकोट, चापाकोट - साँस्कृतिक सम्पदा गह्रौसुर, अकला, मनकामना, आलमदेवी	- बालबालिकालाई चित्र देखाई सम्पदाहरुको पहिचान गर्न लगाउने । - कुन कुन सम्पदा कुन ठाउँमा पर्दछ ? सोध्ने । - आफ्नो वडामा पर्ने सबै सम्पदाको बारेमा सोध्ने र सूची प्रस्तुत गर्न मद्दत गर्ने । - मन्दिरको चित्र र नाम ।	- आँधीखोला, कालीगण्डकी र ज्यारदी खोलाको नाम र चित्र । - सामुदायिक वन-गह्रौसुर, दाङसीया र हरिनासको चित्र र नाम । - फाँट, डाँडाकाँडा र मन्दिरहरुको चित्र र नाम ।	- चित्र पहिचान संपदा पहिचान एवं रुची र सहभागीताको आधारमा मापन गर्ने । - प्रश्नको उत्तर दिएको आधारमा मूल्यांकन एवं मापन गर्ने ।	२४

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
४. स्थानीय पेशा, व्यावसाय र प्रविधि	- स्थानीय पेशा व्यवसाय र प्रविधि पहिचान गर्न । - स्थानीय पेशा व्यासाय र प्रविधिको बारेमा बताउन ।	-स्थानीय पेशा व्यवसाय र प्रविधि ।	- स्थानीय रुपमा सञ्चालित पेशाहरु (डाक्टर, शिक्षक, वकिल, इन्जिनियर, सूचीकार) - स्थानीय व्यवसाय (कृषि, व्यापारी, मज्दुर आदिको चित्र सहित) । स्थानीय प्रविधि (ढिकि, जातो, मिल, कोल) ।	-स्थानीय मानिसहरुले गर्ने पेशाको सूची बनाउने चित्र सहित स्थानीय मानिसले गर्ने व्यवसायको सूची बनाउने । -स्थानीय प्रविधिहरुको चित्र सहित सूची बनाउने । -पेशा, व्यावसाय र प्रविधिका उदाहरणहरु बताउने ।	- स्थानीय पेशा व्यवसाय र प्रविधिका फोटो र पोष्टरहरु । - स्थानीय पेशा व्यवसाय र प्रविधिका श्रव्य दृश्य सामाग्री ।	- स्थानीय पेशा व्यवसाय र प्रविधि बताउन लगाउने । - स्थानीय पेशा व्यवसाय र प्रविधिका उदाहरणहरु भन्न लगाउने ।	१९
५. विकासका पूर्वाधारहरु	- वालिङ नगरक्षेत्र का मुख्य विकासका पूर्वाधारहरु बताउन । -आफ्नो टोलका विकासका पूर्वाधार भन्न । - ठूला र साना विकासका पूर्वाधार छुट्याउन ।	- वालिङ नगर क्षेत्रका मुख्य विकासका पूर्वाधारहरु ।	- वालिङ् नगरक्षेत्र भित्रका मूख्य विकासका पूर्वाधार हरुको सूची (सिद्धार्थ राजमार्ग, मिर्दी केवरे सडक, त्रियासी मन्साङकोट सडक, भुम्रे पर्वत सडक, पित्लेक खहरेघिर्नी, स्वास्थ्य चौकीहरु, नहरहरु, कुलाहरु, खाने पानीका ट्यांकी तथा धाराहरु, विद्यालयहरु ।	-वालिङ नगरपालिकाका मुख्य विकासका पूर्वाधार हरुको सूची बनाउने । -मुख्य पूर्वाधारहरुको वर्णन गर्ने । -आफ्नो टोल तथा विद्यालय क्षेत्रमा रहेका विकासका पूर्वाधारहरुको सूची बनाउने । -ठूला र साना पूर्वाधारको वर्णन गर्ने ।	-वालिङ नगर क्षेत्रका मुख्य विकासका पूर्वधार हरुको फोटो, चित्र पोष्टर ।	-वालिङ् नगर क्षेत्रका मुख्य विकासका पूर्वाधारहरु के के हुन सोध्ने । -आफ्नो टोल विद्यालयक्षेत्रका विकासका पूर्वाधार हरुको नाम भन्न लगाउने ।	१९

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
६ ऐतिहासिक र पर्यटकीय स्थल	- अकला मन्दिर छाँयाछेत्र मन्दिरको बारेमा बताउन । -स्वरेक मैदान, लंकाकोट चन्द्रकोट, शिवजी मन्दिरको सामान्य परिचय दिन । -ती मन्दिरमा पूजा गरिने विषयमा जानकारी दिन ।	-अकला मन्दिर छाँयाक्षेत्र मन्दिरको परिचय । -स्वरेक मै दान, लंकाकोट, चन्द्रकोट शिवजी मन्दिर को परिचय । -ती स्थान र मन्दिरहरुको पूजा विधीको विवरण ।	-उपयुक्त स्थलहरु कुन कुन ऐतिहासिक र पर्यटकीय तथा कुन कुन दुवै खालका हुन भन्ने परिचय । -तिनीहरुसँग सम्बन्धित प्रिजेन्टेशनहरुबाट प्रस्तुति । -ती स्थलहरुको वडागत जानकारी र महत्व उल्लेख । -छाँयाक्षेत्र, अकला र शिवजी मन्दिरमा गरिने पूजाआजाका विषयमा जानकारी ।	-छाँयाक्षेत्र, अकला, शिवजी मन्दिर, लंकाकोट, स्वरेक मैदान, चन्द्रकोट मध्ये कुनै २ स्थानको अवलोकन भ्रमण । -ती स्थलहरुको महत्वको बारेमा प्रिजेन्टेशनमा वुदागत प्रस्तुत गर्ने । -ती स्थलहरुमाा गरिने क्रियाकलापहरुको बारेमा जानकारी गराउने ।	-ती स्थलहरुका चित्र, फोटो प्रदर्शन । -ती स्थलहरुमा लाग्ने मेला, पर्व र हुने क्रियाकलापहरुको श्रव्यदृश्य सामाग्री ।	-छाँयाक्षेत्र, अकला, शिवजी मन्दिर, स्वरे क मैदान, लंकाकोट के कस्ता स्थलहरु हुन भनी सोध्ने । -चित्र देखाई यो कुन स्थल हो भनी बताउन लगाउने । -२/४ वाक्यमा ती स्थानहरुको परिचय लेख्न लगाउने र कुन वडामा पर्छन् भनी सोध्ने ।	२५

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
७. हाम्रो वातावरण प्रकोप र हरित विद्यालय	- हावापानीको महत्व बताउन । - बाल बगैँचाको महत्व बताउन ।	- हाम्रो नगर पालिका हाम्रो हावापानी । - हाम्रो विद्यालय हाम्रो बगैँचा ।	- आफू बसेको ठाउँको हावापानी । - नगरपालिकाका गर्मी र जाडो ठाउँहरु । - जाँडो र गर्मीमा लगाउने पोशाक एवं बच्ने उपाय । - जाडो र गर्मी मौसममा हुने अन्नबाली, तरकारी, फलफूल । - विद्यालय बाल बगैँचाको चित्र, नाम र महत्व ।	- आफू बसेको ठाउँको हावापानी जाँडो र गर्मीमा लगाउने पोशाकहरु लगाएका मानिसको चित्र देखाउने, सोध्ने र अनुमान गर्न लगाउने । - वालिङ नगरपालिकामा धेरै जाडो र गर्मी ठाउँको बारेमा पहिचान एवं अनुमान गर्न लगाउने र सही उत्तर पत्ता लगाउन सहयोग गर्ने । - मौसम अनुसारका फलफूल तरकारी र अन्नवालीको चित्र देखाउने र प्रश्नोत्तर गराउने । - विद्यालयमा वाल वगैँचा तस्वीर/चित्र देखाई यसका फाइदाबारे छलफल गरी विद्यार्थीहरुलाई नै महत्व पत्ता लगाउन सहयोग गर्ने ।	- मौसम अनुसार कपडा, फलफूल तरकारी र अन्नबालीको चित्र र नाम । - धेरै जाडो र गर्मी ठाउँ इंगित नगर पालिकाको तस्बिर । - विद्यालय वाल बगैँचाको सुन्दर तस्विर जसमा बालबालिका देखाई रहेको अवस्था	- बालबालिकाले चित्र पहिचान, मौसम अनुसारको कपडा र फलफूल, तरकारीको पहिचानका आधार मा मूल्यांकन गर्ने । - बालबालिकाले हावापानी एवं विद्यालय बाल बगैँचाको महत्व बारेमा प्रश्नको उत्तर दिएका आधार मा मूल्यांकन गर्ने ।	२०

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
८. स्वास्थ्य र सरसफाइ	-व्यक्तिगत सरसफाईका सामाग्रीको महत्व बताउन । - आफ्नो शरीर, विद्यालय, घर आदिको सरसफाई गर्ने तरिकाहरुको अभ्यास दैनिक गरिने सरसफाई को सूची तयार गर्न ।	- शरीरको सरसफाई गर्ने तरिका र अभ्यास घर, विद्यालयको सरसफाई ।	- सरसफाईका सामाग्री ब्रस, सावुन, रुमाल, कुचोको महत्व । - शरीर कपडा सफा राख्ने तरिका ।	- व्यक्तिगत सरसफाई गर्ने सामाग्रीको प्रयोग सम्बन्धी अर्न्तक्रिया गराउने । - शरीरका अंगहरुको सरसफाई गर्ने विधि सिकाउने, भिडियो देखाउने । - हातमुख धुने, नुहाउने, ब्रस गर्ने, कपडा धुने, नङ कपाल काटने, कोर्ने अभ्यास गराउने ।	- ब्रस, सावुन, रुमाल, शरिरको सरसफाई गरेको चार्ट, भिडियो ।	- शरीर सफा ागर्ने तरिका भन्न । - प्रत्येक विद्यार्थीको सरसफाईको अवलो कन गरी मूल्याङकन गर्ने । - सरसफाईका सामाग्रीको र तिनको महत्वको बारेमा सोध्ने ।	१९
९. स्थानीय खेलकुद	- स्थानीय परम्परागत खेलहरु चिन्न र भन्न ।	- गट्टा राज्य, चम्चा, दौड, रुमाल लुकाउने खेल ।	- उल्लेखित खेलहरुको महत्व, खेल्ने तरिका सिकाउने ।	- स्थानीय खेलहरु खेल्दा प्रयोग हुने सामाग्रीहरुको सूची बनाउने । - शिक्षकले उक्त खेलहरु खेलेर देखाउने र खेल्न लगाउने ।	- स्थानीय खेलहरु खेल्दा प्रयोग हुने सामाग्रीहरुको चार्ट, उक्त खेल खेल्न आवश्यक नियमहरु ।	- स्थानीय खेलहरु खेल्नको लागि आवश्यक सामाग्रीको बन्दो वस्त गरी खेल्न लगाई मूल्यांकन गर्ने ।	१८

सिकाइ उपलब्धि र विषयवस्तुको विस्तृतीकरण

कक्षा-३							
क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मल्यांकन प्रक्रिया	पा.भा.
१. हाम्रो नगर पालिका वालिङ	- वालिङ नगर पालिका रहे को जिल्ला र प्रदेशको नाम बताउन । - वालिङ नगर पालिकाका छिमे की पालिकारुको नाम बताउन । - वालिङ न.पा.का मुख्य समुदाय र तिनीहरुको पेशा बताउन ।	- वालिङ नगर पालिका र यसका छिमेकी पालिकाहरु । - वालिङ नगर पालिकाका मुख्य समुदायहरु एवं पेशा ।	- गण्डकी प्रदेश र स्याङ्जा जिल्ला भित्र सबै पालिकाहरुको चित्र र नाम । - वालिङ नगर पालिकाका मुख्य जातजाति एवं जीविकोपार्जनका मुख्य पेशा ।	- गण्डकी प्रदेश र स्याङ्जा जिल्लाको नक्सा देखाउने र वालिङ न.पा. पहिचान गर्न लगाउने । - वालिङ न.पा.को छिमे की पालिका पहिचान गर्न लगाउने । - वालिङ न.पा.मा बसोवास गर्ने मुख्य जातजातिको तस्वीर दे खाई तिनीहरुको पेशा बारेमा छलफल गने र सूची तयार पार्न लगाउने ।	- गण्डकी प्रदेशको चित्र । - स्याङजा जिल्ला र यस अन्तर्गतका सबै पालिकाहरुको चित्र र नाम । - विभिन्न जातजाति र तिनीहरुको पेशा झल्काउने तस्बिर र नाम ।	- बालबालिकाको सहभागिताको आधार मा मापन गर्ने । - प्रदेश, जिल्ला नगर पालिका छिमेकी पालिका पहिचानका आधारमा मापन गर्ने । - वालिङ नगरबासीको जातजाति र पेशाको सूची तयार पार्न समर्थ असमर्थ भएका आधार मा मूल्यांकन गर्ने ।	२३

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
२. संस्कार, संस्कृति र आतिथ्यता	-शिव मन्दिर, गुरुङ क्होइवो, मन्दिर, गुम्बा तथा मस्जिदका बारेमा समान्य परिचय दिन । -शिव मन्दिर, गुरुङ क्होइवो, मन्दिर, गुम्बा तथा मस्जिदमा लाग्ने भेला पर्व र जातजातिको परिचय दिन । -शिष्ट र नम्र भाषाको प्रयोग गर्न ।	-शिव मन्दिर, गुरुङ क्होइवो, मन्दिर, गुम्बा तथा मस्जिदमा गरिने पूजा, धार्मिक ऐतिहासिक महत्व, गुम्बा र मस्जिद पनि अन्य मन्दिरहरु जस्तै सम्बन्धित जातजातिका पवित्र मन्दिर हुन भन्ने बोध, - नम्र भाषाको बोध ।	- शिव मन्दिर, गुरुङ क्होइवो, मन्दिर, गुम्बा तथा मस्जिदमा गरिने पुजामा लाग्ने सामाग्रीहरुको विवरण, पोशाक, संस्कार तथा संस्कृति सम्बन्धी क्रियाकलापहरुको परिचय क्होइवो मन्दिर, मस्जिद र गुम्बामा रहेको समानता असमानता - शिष्टचारका शब्दहरु जस्तै माफ गर्नुहोला, स्वागत छ आदि सिकाउने ।	- शिव मन्दिर, गुरुङ क्होइवो,, मन्दिर, गुम्बा तथा मस्जिदहरुसँग सम्बन्धित जानकारी हरु माथि प्रश्नोत्तर, छलफल तथा अर्न्तक्रिया गर्ने, - माफ गर्नुहोला, स्वागत छ जस्ता शब्दहरुको प्रयोग गर्दै बालबालिकाहरुलाई अन्तरक्रिया अभिनय र छलफलको माध्यमबाट बानीको विकास गराउने ।	-शिव मन्दिर, गुरुङ क्होइवो, मन्दिर, गुम्बा तथा मस्जिदका फोटो, पोष्टरहरु । - पूजा सम्बन्धी श्रव्यदृश्य सामाग्रीहरु । -नम्र भाषाको प्रयोग भएका श्रव्य दृश्य सामाग्री ।	- मन्दिर, मस्जिद र गुम्बामा रहेको समानता र भिन्नता पहिल्याउन लगाउने । -मन्दिर, गुम्बा तथा मस्जिदको बारेमा परिचय दिन लगाउने । -कुन जातिले मन्दिर, मस्जिद गुम्बाको प्रयो ग गर्दछन भन्ने जस्ता प्रश्न गर्ने । -बालवालिकालाई नम्र भाषा बोल्न लगाउने त्यसको आधारमा मूल्यांकन गराउने ।	२५

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
३. प्राकृतिक स्रोत र सम्पदा	-गण्डकी प्रदेश, स्याङ्जा जिल्ला र छिमेकी जिल्लाका मुख्य सम्पदाहरुका नाम बताउन ।	- गण्डकी प्रदेश, प्राकृतिक स्रोत एवम् संपदा	- गण्डकी प्रदेशको चित्र र यस अन्तर्गतका जिल्लाको चित्र एवं नाम । - विभिन्न जिल्लाका मुख्य संपदाका चित्र एवं नाम ।	- प्रदेश र जिल्लाका चित्र देखाउने र त्यसमा पर्ने जलसंपदा, स्थल संपदा एवं साँस्कृतिक संपदाको चित्र र नाम पहिचान गर्न लगाउने ।	- गण्डकी प्रदेश अन्तर्गतका जिल्लाको चित्र र संपदाको चित्र नाम स्याङ्जा- आँधीखोला,काली गण्डकी, कास्की फेवाताल , सेती गण्डकी,माछापुच्छे, बाग्लुङ कालिका मन्दिर, मुस्ताङ धौलागिरी मनाङ - मुक्तिनाथ	- बालबालिकाको सहभागीता, पहिचान एवं प्रश्नोत्तरका आधार मा मूल्यांकन गर्ने । -बाग्लुङ कालिका, मुक्तिनाथ जस्था पवित्र धार्मिक स्थलहरुको अवस्थिती बारे मापन गर्ने ।	२४

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
४. पेशा, व्यावसाय र प्रविधि	- स्थानीय क्षेत्रका परम्परागत प्रविधिहरु बताउन । -स्थानीय क्षेत्रका वर्तमान प्रविधिहरु बताउन । - परम्परागत र वर्तमान प्रविधिको सम्बन्ध देखाउन जस्तै : ढिकी, मिल, हलो, ट्याक्टर आदि ।	-स्थानीय प्रविधिको परिचय । -स्थानीय पेशा व्यवसाय तथा स्थानीय प्रविधिको प्रयोग	-स्थानीय क्षेत्रमा प्रयोग हुने प्रविधिहरु (ढिकी, जाँतो, अमिलो, उखु तथा तोरीको तेल पेल्ने कोल, पानी घट्ट, खल, हलो आदि) । -स्थानीय क्षेत्रका वर्तमान प्रविधिहरु (मिल, मिक्स्चर, थ्रेसर, हाते ट्याक्टर आदि) । -स्थानीय पेशा, व्यवसायहरु जस्तै किसान, शिक्षक, डाक्टर,कृषि, वयापार,उद्योग आदि	-स्थानीय क्षेत्रमा प्रयोगमा आएका परम्परागत प्रविधिको सूची बनाउने । - स्थानीय क्षेत्रका वर्तमान प्रविधिहरुको सूची बनाउने । -स्थानीय क्षेत्रका परम्परागत र वर्तमान प्रविधिको आधारमा सम्बन्धमा बताउने । -उदाहरणसहित विभिन्न पेशा र व्यवसायको परिचय दिने र पेशा, व्यवसायलाई विद्यार्थीको जीवनमा जोडेर सिकाउने ।	-स्थानीय क्षेत्रमा प्रयोगमा आएका परम्परागत प्रविधिको चित्र, फोटो, पोष्टरहरु, भिडियो । -परम्परागत र वर्तमान प्रविधिको कार्यका आधारमा भएका प्रविधिको सम्बन्ध झल्कने, फोटो, पोस्टर र भिडियोहरु । -विद्यार्थीहरुका वुबा आमाको पेशा, व्यवसाय र तिनीहरुको कार्यको चार्ट ।	- स्थानीय क्षेत्रमा प्रयोगमा आएका परम्परागत प्रविधिहरु बताउन लगाउने, चित्र कोर्न लगाउने । -स्थानीय क्षेत्रमा बर्तमान तथा प्रयोगमा आएका प्रविधिहरु बताउन लगाउने, चित्र कोर्न लगाउने । - परम्परागत र बर्तमान प्रविधिको सम्बन्ध कामका आधारमा भन्न लगाउने । - पेशा व्यवसाय सम्बन्धी विभिन्न खालका प्रश्नोत्तर गर्ने जस्तै तिम्रो वुबाको पेशा के हो ? के काम गर्नुहुन्छ ? तिम्रो छिमेकीले के काम गर्नुहुन्छ ? उहाँको पेशा के हो ?	१९

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
५. विकासका पूर्वाधार	- वालिङ नगरपालिका द्धारा निर्मित विकासका पूर्वाधारहरु बताउन । -आफ्नो गाउँ टोल, विद्यालयमा नगरले निर्माण गरेका विकासका पूर्वाधारहरु बताउन ।	-वालिङ नगर पालिका द्धारा निर्मित विकासका पूर्वाधारहरु ।	-वालिङ नगर पालिका द्धारा निर्मित विकासका पूर्वाधारहरु (आँधीखोला करिडोर, फोहोरमैला व्यवस्थापन, भित्र सडकहरु आदि)। -समाज विकासको लागि नभइ नहुने कार्यहरु ।	-वालिङ नगरपालिका द्धारा निर्मित विकासका पूर्वाधारहरु सूची बनाउने (आँधीखोला करिडोर, फोहोरमैला व्यवस्थापन, भित्री सडकहरु त्रियासी-रत्ने, बायाँटारी-सिर्सेकोट आदि) । -पूर्वाधारहरुलाई स्थानिय निकायमा भइ रहेको कार्यहरुसँग जोडि तिनीहरुको परिचय गराउने -वालिङ नगरपालिका द्धारा निर्मित विकासका पूर्वाधारहरुको फोटो, पोष्टर, भिडियोबाट जानकारी लिने । -आफ्नो टोल, विद्यालय, वालिङ न.पा.ले गरेका विकासका पूर्वाधारहरु बताउने ।	-वालिङ नगर पालिका द्धारा निर्मित विकासका पूर्वाधार हरुको फोटो, पोष्टर, भिडियो ।	- वालिङ नगरपालिका द्धारा निर्मित विकासका पूर्वाधारहरु के के छन सोध्ने । - आफ्नो गाँउ, टोल, विद्यालय क्षेत्रमा नगरले निर्माण गरेका विकासका पूर्वाधारहरुको सूची बनाउन लगाउने । - चित्र हेरेर विकासका कुन पुर्वाधारहरु हुन भनि छुट्याउन लगाउने ।	२५

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
६. ऐतिहासिक र पर्यटकीय स्थल	-बाहुनथान, मन्साङकोट, सिद्धगुफा, देउराली गुफा, कान्छी मनकामना जस्ता स्थलहरुको पर्यटकीय महत्व बताउन । - आँधीखोला, पताञ्जली योगपिठको महत्व बताउन ।	- बाहुनथान, मन्साकोट, सिद्धगुफा, दे उराली गुफा, कान्छी मनकामनाको परिचय, र विशेषताको जानकारी, आँधीखोलाको उत्पत्ति र महत्व तथा पताञ्जली यो गपीठ स्थापना र महत्वको जानकारी ।	- उपयुक्त पर्यटकीय र ऐतिहासिक स्थलहरुको परिचय महत्व र विशेषता झल्कने विषयवस्तहरु । - ती स्थलहरु नगर पालिकाका कुन कुन वडामा पर्छन भन्ने जानकारीमुलक प्रस्तुति । - ती स्थलहरुमा पुग्न सकिने सडकमार्ग र पैदलमार्ग समेतको विवरण पेश गर्ने । - ती स्थलहरु के कस्ता स्थानहरु हुन भन्ने विवरण दिने ।	- आफ्नो विद्यालयबाट सम्भव हुने कम्तीमा २ स्थलहरुको अवलोकन भ्रमण गराउने । - ती स्थलहरुको महत्व र विशेषताको बुँदागत रुपमा शिक्षकले जानकारी गराउने । - अवलोकन भ्रमणको अनुभव आदानप्रदान गराउने । - ती स्थलहरुको संर क्षणको अपरिहार्यता बताइदिने । - आँधीखोलाबाट जल उपयोग बारे जानकारी ।	- ती स्थलहरुमा भए गरेका गतिविधिहरुको फोटो, चित्र पोस्टर । - ती सँग सम्बन्धित अडियो भिडियो सामाग्री । - शिक्षकले अन्य आवश्यक र उपयुक्त ठानेका सामाग्रीहरु ।	-स्थलगत भ्रमणको अनुभव सुनाउन लगाउने । - ती स्थलहरुको महत्व र विशेषताहरु लेख्न लगाउने । - आँधीखोलाको जलप्रयोग बारे प्रश्न सोध्ने ।	२०

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
७. हाम्रो वातावरण प्रकोप र हरित विद्यालय	- हाम्रो वातावरणको महत्व बताउन । - प्रकोप पहिचान गर्न । - हरित विद्यालय बनाउने तरिका बताउन ।	-हाम्रो वातावरण, प्राकृतिक प्रकोप/विपद हरित विद्यालय	-प्राकृतिक वातावरण -हावापानी, बनजंगल, बन्यजन्तु, खोलानाला, ताल, कुवा, पधेरा । - स्वस्थ्य वातावरण स्वस्थ्य मानिस । -बाढी पहिरो, हुरी बतास आगलागी, भुकम्प, चट्याङ बगैचा, फुलबारी, करेसाबारी, तरकारी बारी, वृक्षारोपण ।	-प्राकृतिक वातावरणमा पाईने जीव र मानिसको सम्बन्ध देखाउने चित्र प्रदर्शन गरी स्वस्च्छ वातावरणले मानिस स्वस्च्छ हुन्छ भन्ने देखाई वातावरणको महत्व बोध गराउने । -प्राकृतिक प्रकोपको चित्र देखाई प्रकोपको पहिचान गराउने । -विद्यालयहरुलाई हरित विद्यालय बनाउन के गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी बगैचा, फुलबारी, तर कारीबारी, वृक्षरोपणको आवश्यकता बोध गराउने ।	-वातावरणमा पाईने जीव र तिनको सम्बन्ध देखाउने चित्र । -प्राकृतिक प्रकोपको चित्र । -हरित विद्यालयको लागि बगैचा,फूलबारी, तरकारीबारी, वृक्षरो पणको चित्र ।	-चित्र पहिचान र वर्णन गर्न सफल/सक्रियताको आधारमा मूल्याङकन । -प्रश्नोत्तरको आधारमा मूल्याङकन गर्ने जस्तै : प्राकृतिक प्रकोपहरु के के हुन ? वातावरणको महत्व के छ ? हरित विद्यालयको लागि के के चाहिन्छ ?	१९

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
८. स्वास्थ्य र सरसफाई	-सरसफाईका समाग्रीको उपयोग वताउन । -व्यक्तिगत स्वास्थ्य र सामुदायिक स्वास्थ्यको परिचय दिन	सफा वातावरण र यसको प्रभाव । -सरसफाईका सामग्रीको उपयोग । प्रदुषित वातावरण र यसको असर । -व्यक्तिगत स्वास्थ्य र सामुदायिक स्वास्थ्य	सफा वातावरणको महत्व र वातावरण सफा राख्न गरिने प्रयासहरु । -सरसफाई समाग्रीको उपयोग । फोहोर वातावरण र त्यसको मानव र वातावरणमा पर्ने प्रभाव । -व्यत्तिगत स्वास्थ्य रहन गरिने प्रयासहरु -समुदायलाई स्वास्थ्य राख्न चाल्नु पर्ने कदमहरु	-सफा वातावरण भएको स्थानको अवलोकन भ्रमण, खराव वातावरण भएको स्थानको भ्रमण गरी फाइदा वेफाइदा हरुको टिपोट गरी श्रब्यदृश्य सामाग्रीद्धारा प्रदर्शन । -सरसफाईका सामाग्रीहरुको उपयोग गरिने तरिकाहरुको दृश्य र श्रव्यदृश्य सामाग्रीबाट प्रदशन । -व्यक्तिगत स्वास्थ्य र सामुदायिक स्वास्थ्यको भिन्नता देखाई तिनीहरुको महत्वको वारेमा श्रव्यदृश्य सामग्रीको मार्फत प्रदर्शन ।	-सफा वातावरण र प्रदूषित वातावरण सम्बन्धित चार्ट -विद्यालयको वृक्षारोपण, फूल रोपण । -प्लाष्टिक जन्य बस्तुहरुको प्रर्दशन र उचित व्यवस्थापन । - सरसफाईका सामग्रीहरुको उपयोग गरेको श्रब्यदृश्य सामग्री -व्यक्तिगत र सामुदायिक स्वास्थ्यको दृश्य तथा श्रव्यदृश्य सामग्रीको प्रदर्शन ।	-सफा वातावरण भएको चित्र कोर्न लगाउने । - सरसफाईका सामग्रीहरुको उपयोग गरिने तरिकाबारे मा सोध्ने र प्रयोग गर्न लगाउने । -वातावरण स्वच्छ राख्न गर्नुपर्ने कार्यहरुको सूची तयार पार्न लगाउने । -व्यक्तिगत स्वास्थ्य र सामुदायिक स्वास्थ्यको भिन्नता सोध्ने । -व्यक्तिगत स्वास्थ्य र सामुदायिक स्वास्थ्यको महत्वको भन्न लगाउने ।	१९

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
९. स्थानीय खेलकुद	- स्थानीय तहमा खेलिने खेलहरुको नाम भन्न -उक्त खेलहरु को सामान्य नियम बताउन ।	- म्युजिकल चियर, स्किपिङ, नेता चिन्ने खेल, पौडी र योगा अभ्यास, -खेलको महत्व बताउन ।	- उल्लेखित खेलहरुको नियम शारिरीक विकासमा खेलले पार्ने प्रभाव ।	- उक्त खेलहरु खे ल्नको लागि आवश्यक सामाग्रीहरुको सूची तयार गर्न लगाई नियमहरु भन्न लगाउने - उक्त खेलहरु खेल्न सिकाउने ।	- उल्लेखित खेलहरु भएको चार्ट - उक्त खेलहरु समावेश भएको भिडियो ।	- समूह बनाई उक्त खेलहरुको क्रमश नियमहरु भन्न लगाउने र खेल खेल्न लगाउने ।	१८

सिकाइ उपलब्धि विषयवस्तुको विस्तृतीकरण

कक्षा–४

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
१. हाम्रो नगरपालिका वालिङ	- वालिङ नगर पालिकाको भू-बनोट र अवस्थिति बताउन । - वालिङ नगर पालिकाको समग्र र वडा गत रुपमा हुने मुख्य उन्पादन बताउन ।	- वालिङ नगर पालिकाको भू-बनोट र अवस्थिति । - वालिङ नगर पालिकाको मुख्य कृषि उपज/उत्पादन ।	- वालिङ नगर पालिकाको भू-बनोट-पहाड, डाडाँकाडाँ, उपत्यका, नदीतट (फाँट)/ समथर भूभाग । - विशेषत वालिङ बजार अर्थात वालिङको मुख्य भूभाग आँधीखोलाको किनार मा रहेको । - वालिङ नगरमा धान, कोदो, मकै, गहुँ, (उत्पादन हुने अन्नवाली) । - वालिङ सुन्तला र तरकारी खेतीको लागि प्रसिद्ध ।	- वालिङ नगर पालिकाको चित्र देखाउने र विद्यार्थीलाई भू-बनोट र अवस्थिति पहिचान गर्न लगाउने । - वालिङ नगर पालिकामा हुने अन्नबाली, फलफूल खेती, तरकारी खेती एवं पशुपालनको बारे तथ्यांक संकलन गर्न लगाउने ।	- वालिङ न.पा.को वडा सहितको चित्र । - भू-बनोट र अवस्थिति देखाउने पहाड, डाडाँकाडाँ, वनजंगल, नदीनाला, समथर भूभाग, उपत्यका देखाउने र वालिङको भू-बनोट र अवस्थिति वर्णन तयार गर्न लगाउने । - वालिङ नगर पालिकाको परिचय, विशेषता झल्कीने श्रव्यदृश्य सामाग्री ।	- विद्यार्थीको सहभागिताको आधारमा । - प्रश्न उत्तरका आधारमा । - कृषि उपज क्षेत्र पहिचानको आधारमा मापन गर्ने ।	१९

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
२. संस्कार, संस्कृति र आतिथ्यता	- पञ्चेबाजा, मारुनी, सोरठी, घाटु, सालैजो गीत र नाचको परिचय दिन । -आँधीखोले रोइला गीतको परिचय दिन । -आतिथ्यता र शिष्टचारको संस्कृति अपनाउन । -पञ्चेबाजामा के के पर्दछन भनी नाम बताउन । -असारे गीत, बालीहनुमान नाच ।	-पञ्चेबाजा, सोरठी, घाटु, सालैजो गीत, र नाचको परम्परा । -आँधीखोले रोइला परम्परा र मनोरञ्जन । -आफू भन्दा ठुला साना र समकक्षीसँग गर्ने व्यवहार र शिष्टाचारको परिचय ।	-पञ्चेबाजा, ब्राह्मण, क्षेत्री, दलित, ठकुरी जातिको पर्वमेला, उत्सव, समारोहमा बजाईने बाजाको जानकारी -सोरठी, घाटु, सालै जो गीत र नाच, मगर गुरुङ जातिको उत्सव समारोहमा आयोजना गरिने जानकारी । -आँधीखोले रोइला सबै जातिको विशुद्ध मौलिक सांस्कृतिक परम्परा । -बाबु, तिमी, हजुर, वहाँ, यहाँ, दर्शन, नमस्ते, धन्यवाद माफ गर्नुहोला जस्ता शब्दहरुको प्रयोग र परिचय ।	- पञ्चेबाजाहरुको नामहरु उल्लेख गर्ने, प्रदर्शन गर्ने । - सोरठी, घाटु, सालै जो गीत गाउन र नाच्न लगाई अभिनय गर्ने । - रोइला गाउने टुक्का भन्ने र भन्न लगाउने । -साना ठूला र आफू सरहकाहरुलाई गर्ने व्यवहारको अनुकरण अभिनय गर्न लगाउने । -प्रश्नोत्तर, छलफल र विज्ञ समेतको उपस्थितिमा अभिनय अन्तरक्रिया आदि ।	-पञ्चेबाजा, सोरठी, घाटुका पोष्टर चित्र । - आँधिखोले रोइला गीतका टुक्का पत्तिहरु । - समकक्षी, ठूला र सानालाई प्रयोग गर्ने शिष्टचारजस्ता शब्दपत्तिहरु, सो सम्बन्धि श्रब्यदृश्य सामाग्रीहरु ।	-उपयुक्त गीत, नाच, बाजाहरु कुन जातका संस्कृति हुन भनी सोध्ने । -पञ्चेबाजाहरुमा के के पर्दछन लेख्न लगाउने । -आफू र आफूभन्दा ठुला सानालाई गर्ने माया स्नेह, सत्कार सम्मान कुन कुन शब्दबाट गरिन्छ भनी सोध्ने ।	२१

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
३. प्राकृतिक स्रोत र सम्पदा	- वालिङ नगरपालिका अन्तर्गतका प्राकृतिक स्रोतको उपयोगको अवस्था बताउन । - प्राकृतिक स्रोतको उपयोगको संभावना बताउन ।	- प्राकृतिक स्रोतको उपयोगको अवस्था । - प्राकृतिक स्रोत र संपदा उपयोगको संभावना ।	-जल संपदा- पानीको मुहान, खोला, नदी उपयोग- पिउन, सिँचाइ गर्न । स्थल संपदा- समथर फाँट, डाडाँकाडाँ, पहाड उपयोग-अन्नबाली, फलफूल, पशुपालन । - वनसंपदा- वन उपयोग- काठदाउरा संभावना- सिँचाइ वृद्धि, विद्युत उत्पादन सामग्री निर्यात, पर्यटन विस्तार ।	- प्राकृतीक स्रोत/संपदा को चित्र देखाउने, उपयोगको अवस्था सोध्ने र थप उपयोग गर्न कसरी सकिन्छ भन्ने विषयमा विद्यार्थीहरुको छलफल विधि अपनाउने । -प्राकृतिक स्रोत तथा सम्दाहरुको अहिलेसम्मको उपयोग र आगामी दिनमा यस संभावना बारे छलफल गर्दै निष्कर्ष निकाल्ने ।	- प्राकृतीक स्रोत र तीनका उपयोग देखाउने चित्र जस्तै- नहर, विद्युत, पिउने पानी, दाउरा, काठ आदिको चित्र । -उपयोग र संभावना देखाउने दृश्य चार्ट	- विद्यार्थीको सहभागिता र प्रश्न उत्तरका आधारमा मापन गर्ने । - विद्यार्थीहरुलाई आफ्नो वरपर रहे का सम्पदा र यसको प्रयोगको विषयमा विभिन्न प्रश्नहरु सोध्ने । -स्रोत रसम्पदाको उपयोग र संभावनाका विषयमा सामान्य प्रतिवेदन तयार गर्न लगाउने ।	२१

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
४. पेशा व्यावसाय र प्रविधि	-स्थानीय क्षेत्रमा परम्परागत पेशाको उपयोगिता भन्न । -स्थानीय क्षेत्रमा परम्परागत पेशाको स्थिति बताउन । -स्थानीय क्षेत्रमा स्थानीय, पेशा र व्यवसायको आवश्यकता भन्न ।	-स्थानीय पेशा, व्यवसाय र प्रविधिको आवश्यकता उपयोगताको स्थिति ।	- स्थानीय क्षेत्रमा परम्परागत पेशाको स्थिति र आवश्यकताको सूची । -घैंटो, हाँडी, जस्ता माटाका, भाडाँ, ठेकी, मान, पाथी, जस्ता काठका भाँडा, डोका नाम्ला, जस्ता स्थानीय पेशाको उपयोगिता ।	-स्थानीय क्षेत्रका परम्परागत पेशाको सूची बनाई तिनीहरुको बर्तमानका स्थिति बताउने । -परम्परागत रुपमा प्रयोगमा आएका पेशा, व्यावसायको सूची बनाई बर्तमान स्थिति बताईदिने । -परम्परागत सामाग्रीहरु -घैंटो, हाँडी, जस्ता माटाका, भाडाँ, ठेकी, माना, पाथी, जस्ता काठका भाँडा, डोका नाम्ला, जस्ता स्थानीय पेशाको आवश्यकता र उपयोगिता बताईदिने । - स्थानीय पेशा, व्यावसाय र प्रविधिको स्थिति बताउने ।	-स्थानीय पेशा, व्यावसाय र प्रविधिका फोटा, पोष्टर, श्रव्य, दृश्य सामाग्रीहरु ।	-स्थानीय क्षेत्रमा प्रयोगमा आएका परम्परागत पेशाको ज्ञान मापन गर्ने । -स्थानीय क्षेत्रमा परम्परागत पेशाको उपयोगता, वर्तमान स्थिति, आवश्यकता र सोही अनुसार मुल्यांकन गर्ने ।	१६

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
५. विकासका पूर्वाधारहरु	- वालिङ नगर क्षेत्रका विकासका पूर्वाधारहरको महत्व भन्न । -विकासका पूर्वाधारहरुको आवश्यकता बताउन । -आफ्नो वडा, नगरका विकासका पूर्वाधारहरुको सूची बनाई महत्व भन्न ।	-वालिङ नगरक्षेत्रका विकासका पूर्वाधारहरुको महत्व र आवश्यकता ।	-वालिङ नगरक्षेत्रका विकासका पूर्वाधारहरुको महत्व र आवश्यकता (आँधीखोला पक्की पूल, विद्यालय, स्वास्थ्य चौकि, कुला, नहर, सडक, पैदलमार्ग, खाने पानी आदि) । -आफ्नो वडा, नगर का विकासका पूर्वाधार हरुको सूची ।	-वालिङ नगरक्षेत्रका विकासका पूर्वाधारहरुको सूची बनाउने । यस नगरपालिका मुख्य पूर्वाधारहरुको महत्व र आवश्यकता बताउने । -आफ्नो वडा, नगर मा भएका विकासका पूर्वाधारहरुको सूची बनाउने (पूल, विद्यालय, स्वास्थ्य चौकि, कुला, नहर, सडक, पैदलमार्ग, खानेपानी आदि) ।	-पूल, विद्यालय, स्वास्थ्य चौकी, कुला, नहर, सडक, पैदलमार्ग, खाने पानी आदिका फोटोहरु, भिडियो हरु पोष्टर ।	-वालिङ नगरक्षेत्रका विकासका पूर्वाधार हरुको महत्व भन्न लगाउने । विकासका पूर्वाधार हरुको आवश्यकता बताउन लगाउने । - आफनो वडा नगरमा भएका विकासका पूर्वाधार हरुको सूची बनाई २ वटा महत्व भन्न लगाउने ।	१६

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
६. ऐतीहासिक र पर्यटकीय स्थल	-प्याराग्लाडिङ (मन्साङकोट, स्वरेक मैदान) साइक्लिङ जस्ता साहसिकपर्यटनको र ती स्थलको परिचय र महत्व बताउन । वालिङ स्थित हो मस्टे सुन्तलाबारी, बजाकोट सिसे कोटको परिचय दिन र महत्व बताउन । अन्तरिक र बाह्य पर्यटनको प्रवद्धनमा तिनी हरुको सम्भावना बताउन । सिरुवारी नेपालकै पहिलो होमस्टे भएको बताउन ।	-प्याराग्लाडिङ साइक्लिङ जस्ता साहसिक पर्यटनको परिचय र महत्व । -सुन्तलाबारी बजाकोट, सिसे कोट र सिरुवारी हामेस्टे र त्यहाँ पुग्न विषयमा जानकारी । -आन्तरिक र बाह्य पर्यटनको विकासमा ती स्थलहरुको भूमिका ।	-उपयुक्त साहसिक यात्रा र होमस्टेहरुको परिचय, महत्व, विशेषताहरुको सिलासिलै बर प्रस्तुति । -आन्तरिक र बाह्य पर्यटन विकासमा ती स्थलहरुको भूमिकाको जानकारी । -कुन स्थल कहाँ कहाँ पर्दछन र कसरी पुग्न सकिन्छ । भन्ने बारेको विवरण ।	-प्याराग्लाडिङ गरेको प्रत्यक्ष अवलोकन गराउने, साइक्लिङको अभ्यास गराउने । -कम्तिमा १ होमस्टेको अवलोकन भ्रमण गराउने । - ती स्थलहरुको आन्तरिक र बाह्य पर्यटन प्रवर्धन र तिनको सम्भावनाबारे जानकारी, छलफल, प्रश्नोत्तर जस्ता क्रियाकलाप सञ्चालन गर्ने ।	-ती स्थलहरुसँग सम्बन्धित फोटो चित्र पोस्टर। -तिनीहरुसँग सम्बन्धित श्रब्यदृश्य सामाग्री ।	-स्थलगत र प्रत्यक्ष अवलोकन भ्रमणको अनुभव आदान प्रदान कम्तिमा ३/३ बुँदाहरुमा । - ती स्थलहरुको महत्व र विशेषताहरु उल्लेख गर्न लगाउने । -ती स्थल कहाँ कहाँ पर्छन र त्यहाँ कसरी पुग्न सकिन्छ भनी प्रश्न गर्ने ।	२१

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
७. हाम्रो वातावरण प्रकोप र हरित विद्यालय	-प्राकृतिक र मानव निर्मित प्रकोप पहिचान गर्न । -फोहोर व्यवस्थापनका उपाय अवलम्बन गर्न ।	- प्रकोप/विपद फोहोर व्यवस्थापन	-प्राकृतिक प्रकोप- बाढी, पहिरो, हुरी, बतास, भुकम्प, चट्याङ् । -मानव निर्मित प्रकोप- आगलागी, सडक दुर्घटना । - फोहोरको स्रोत - भान्छाको फोहोर, विद्यालय सफा गर्दा निस्कने फोहोर कागज, पेन, धुलो र ती फोहोर को व्यवस्थापन गर्ने उपायहरु	-प्राकृतिक र मानव निर्मित प्रकोपको चित्र देखाउने त्यसबाट हुने क्षतीको बारेमा सोध्ने । - फोहोरका स्रोतहरु सोध्ने र व्यवस्थापन गर्ने उपायको बारेमा छलफल गर्ने । -कम्पोष्ट मल बनाउने, जलाउने वा फोहोर संकलन गरी फोहोर व्यवस्थापन गर्न सकिन्छ भन्ने प्रदर्शन गर्ने र गर्न लगाउने ।	-प्रकोपहरुको चित्र -फोहोर व्यवस्थापनको चित्र -श्रव्य दृष्य सामाग्री	- चित्र पहिचान, वर्गीकरण एवं छलफलमा सहभागिताको आधारमा मापन गर्ने । - प्रश्न उत्तरको आधारमा मूल्यांकन गर्ने ।	१६

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
८. सामाजिक संघसंस्था र व्यक्ति	- वालिङ नगर क्षेत्रभित्रका सामाजिक संघसंस्था र केही महत्वपूर्ण व्यक्तिहरुको परिचय दिन । -समाज सेवाको परिचय दिन ।	-वालिङ नगर क्षेत्र भित्रका केही महत्वपूर्ण साहित्यिक संस्थाहरु : आधींखोला साहित्य सदन, वालिङ बहुमुखी क्याम्पस, सामुदायिक अध्ययन केन्द्र र युवा क्लब, गुठी । -स्व. सरदार भीम बहादुर पाण्डेको जीवनी । -समाजसेवाको परिभाषा ।	-आँधिखोला सहित्य सदन भेषराज साहित्य प्रतिष्ठानको स्थापना, उद्देश्य र गतीविधिहरुको परिचय मूलक प्रस्तुति । -वालिङ बहुमुखी क्याम्पसको स्थापना र गतिविधिहरको जानकारी । -सामुदायिक अध्ययन केन्द्र, गुठी, युवा क्लवहरुको विवरण र सामान्य गतिविधि । -सरदार भीम बहादुर पाण्डेको जीवनी । समाजसेवाको अर्थ र परिभाषा ।	-विद्यालय नजिक रहेको कुनै सामाजिक साहित्यिक संघ संस्थाको अवलोकन भ्रमण । - उपयुक्त संघसंस्था र व्यक्ति जस्तै आफनो समुदाय वरपर रहेका संस्थाहरु र व्यक्ति र तिनका कामको छलफल गराई सूची बनाउन लगाउने । -समाजसेवाको अर्थ बताई समाजसेवीको यो गदानको चर्चा ।	-ती संघसंस्था र व्यक्तिसँग सम्बन्धित पुस्तक, ब्रुसर, जीवनी । -ती सँग सम्बन्धित श्रब्य दृश्य सामाग्री ।	- अध्ययन भ्रमणको बारेमा अनुभव आदानप्रदान । -आफनो समुदायका संघसंस्थाको सूची बनाउन लगाउने । -समाज सेवाको अर्थ लेख्न लगाउने ।	१४

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
९. स्वास्थ्य र सरसफाई	-स्वस्थ र अस्वस्थ खाना छुट्याउन । -स्वस्थ भोजनका फाइदा र अस्वस्थ भोजनको बे फाइदा बताउन । -सही समय र तरिकाले सुत्ने, उठ्ने तरिका बताउन । -के खाने के नखाने छुट्याउन सक्ने हुन ।	-स्वास्थ्यकर खाना र पत्रुखाना (Junk Food) । - सुत्ने, उठ्ने र बस्ने सही तरि काहरु । - कक्षाकोठको सरसफाइ ।	- घरमा बन्ने खानाहरु । शरीरलाई शक्तिदिने, बृद्धिगर्ने र रक्षा गर्ने खानाहरुका प्रकारहरु । - मिसिएका खानाहरु । -पत्रु खानाहरु र यसले शरिरको वृद्धि र विकासमा पार्ने प्रभावहरु । -ताजा खाना र वासी खानाहरु । -सुत्ने, उठ्ने, बस्ने सहि समय र तरि काहरु ।	-स्वस्थ र अस्वस्थकर खानाबारे छलफल गराउने । - कुन खानामा कार्बोहाइड्रेट, कुनमा प्रोटिन र कुनमा भिटामिन पाइन्छ भनेर छलफल गराउने । -स्वस्थ खानाको फाइदा र अस्वस्थकर खानाको वेफाइदाको सूची बनाई छलफल गर्ने । -कून खानाले मानसिक वृद्धि गराउनछ बताउने । -खाना सुरक्षित राख्ने तरिका बताउने । सही तरिकाले सुत्ने, उठ्ने र बस्ने तरि काहरुको चार्टहरु दे खाई अभ्यास गराउने ।	-स्वस्थकर र अस्वस्थकर खानाका चार्टहरु -सुत्ने, बस्ने आसनका चित्रहरु -सफा पानी र राख्ने भाँडाहरु र सफा पानी कसरी बनाउन सकिन्छ भन्ने भिडीयो ल्कीप -पानी कती बेला, के कती मात्रामा खानु पर्छ भन्ने भिडियो सन्देशहरु	- स्वस्थ र अस्वस्थ भोजनका फाइदा र बेफाइदा बताउन लगाउने (समुह बनाएर)। -स्वस्थ र अस्वस्थ भोजनको सूची बनाउन लगाउने । -खाना सुरक्षित र राख्ने तरिकाहरु सोध्ने । -समूहहरु बनाई कार्बोहाइड्रेट प्रोटिन र भिटामिन पाइने खानाहरुको सुचि बनाउन लगाई प्रस्तुत गर्न लगाउने । -सुत्ने र बस्ने आसनको अभ्यासको मूल्यांकन गर्ने । पानी पिउने समय र तरिका बताउन लगाउने	१३

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
१०. स्थानीय खेलकुदहरु	- स्थानीय तहमा खेलिने खेलहरु सिक्ने र खेल्ने -. उक्त खेलहरुको महत्व बताउन - खेलका नियमहरुको सूची तयार गर्ने	-डण्डियो, कपर्दी, रुमालचोर, गेम (लक्कु ढाल) योगा, पौडी	- उल्लेखित खेलहरु खेल्ने नियमहरु - उल्लेखित खेलहरुको महत्व माथि छलफल	- शिक्षकले उक्त खेलहरु खेल्ने र विद्यार्थीलाई सोहि अनुसार खेल्न लगाउने	- खेलअनुसार आवश्यक शैक्षिक सामाग्रीहरु शिक्षकले उपलब्ध/ गराउने	- समूह बनाउने - प्रत्येक समूहलाई पालै पालो खेल्न लगाई मूल्यांकन गर्ने	१४

सिकाइ उपलब्धि विषयवस्तुको विस्तृतीकरण

कक्षा-५

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
१. हाम्रो नगर पालिका वालिङ	- वालिङ नगर पालिकाको नामकरण बताउन । -वालिङ न.पा.को मुख्य समुदाय, जनसंख्या र क्षेत्रफल बताउन । - वालिङ न.पा. अन्तर्गतका शैक्षिक संस्था, अन्य संघ संस्था र उद्योगहरुको सूची तयार गर्न ।	-वालिङ नगर पालिकाको नामकरण । -वालिङ न. पा. को क्षेत्रफल । -वालिङ न. पा. को मुख्य समुदायहरु र जनसंख्या । -वालिङ न.पा.का संघ संस्था ।	-वालिङको नामाकरण - वाली गीतबाट भएको । - वालिङ न.पा.को क्षेत्रफल वडागत रुपमा । - वडागत समुदाय र कूल जनसंख्या । - वालिङ न.पा.का संघ संस्थ -वालिङ बहमुखी क्याम्पस, - वालिङ प्राथमिक स्वास्थ्य केन्द्र - वालिङ नगरपालिका - इलाका प्रशासन कार्यालय - वडा प्रहरी कार्यालय ।	-वालिङको चित्र दे खाउने, वालिङको नामाकरण बारेमा तथ्य संकलन गर्न लगाउने । - वालिङको वडागत एवं समग्र रुपमा समुदाय, जनसंख्या र क्षेत्रफलको विषयमा छलफल गर्ने र अनुमान गर्न लगाउने । -सही उत्तरको लागि सहयोग गर्ने । -वालिङका संघ संस्थाका नामावली तयार गर्न लगाउने ।	-वालिङको चित्र । -समुदाय, जनसंख्या र क्षेत्रफलको तथ्यांक । -संघ संस्थाका नामावली ।	-विद्यार्थी सक्रियता एवं सहभागिता र प्रश्न उत्तरका आधारमा मापन गर्ने ।	१९

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
२.संस्कार, संस्कृति र आतिथ्यता	-स्थानीय जातजातिको जन्म, मृत्यु, संस्कारको परिचय दिन । -ती संस्कार हरुमा गरिने क्रियाकलापहरुको वर्णन गर्न उपयुक्त संस्कार का विशेषता र महत्व बताउन । -अनुशासन, सदाचार, आज्ञाकारीता प्रर्दशन गर्न । -सामान्य, मध्यम, उच्च र अती उच्च आदरका नेपाली आतिथ्यता र संस्कारको प्रयोग गर्न ।	-विभिन्न जातजातिका जन्म मृत्यु संस्कारको परिचय । -तिनका संस्कार हरुमा गरिने क्रियाकलापहरुको वर्णन । -अनुशासन, सदाचार, आज्ञाकारीता प्रदर्शन तथा आदर सूचक नेपाली परम्पराहरुका परि चय फोटो, चित्र वर्णन, -उक्त संस्कार हरुको महत्व र आदर्श जीवनको परिचय ।	-छैटी, पास्नी, न्वारन, ब्रतबन्ध, विवाह, काजक्रिया र ती संस्कारमा गरिने पुजा, दान, दक्षिणा आदिको परिचय र उदाहरण । -ती संस्कारहरुको उपयो गिता र महत्व तथा तिनले दिने नैतिक, चारित्रिक सन्देश । -ती संस्कारहरुमा गरिने क्रियाकलापहरु र तिनीहरुबाट प्राप्त हुने आध्यार्तमिक आनन्दको विवरण । -आदर, अनुशासन, आज्ञाकारीता, सदाचार जस्ता आतिथ्यता संस्कार को अनुशीलनबाट प्राप्त गर्न सकिने सम्मान र ख्याति ।	-स्थानीय जातजातिहरुले मनाउने जन्म, मृत्यु संस्कार हरुबारे छलफल, प्रश्नो त्तर, अन्तरक्रिया आयोजना । -विवाह ब्रतबन्ध जस्ता संस्कारहरुको स्थलगत अवलोकन भ्रमण । -ती संस्कारहरुका विशेषता र महत्वको बुँदागत प्रस्तुतीकरण व्याख्या अभिनय । -आदरार्थी शब्द र वाक्य प्रयोगको अभ्यास सदाचार, अनुशासनका बारेमा कथा श्रवण बाचन ।	-स्थानीय जातजातिका संस्कारजन्य गतिवधिहरुका चित्र फोटो प्रदर्शनी । -ती संस्कार हरुमा गरिने क्रियाकलाप र गतिविधिहरुमा श्रव्यदृश्य सामाग्रीहरु ।	-आफनो समुदायका विभिन्न जातजातिहरुले मनाउने जन्म मृत्यु संस्कारका नाम बताउन लगाउने । -ती संस्कारहरुमा गरिने क्रियाकलापहरु भन्न लगाउने । -तिनको महत्व र विशेषतालाई छोटकर ीमा लेख्न तथा भन्न लगाउने । -अनुशासन, आदर, आज्ञाकारीता र सदाचारबाट हाम्रो जीवन कस्तो बन्छ, भनी सोध्ने । आफना बावुआमासँग सोधी आ आफनो जातिले मनाउने अन्य संस्कारका बारे मा आगामी कक्षामा सुनाउन लगाउने ।	२१

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
३. प्राकृतिक स्रोत र सम्पदा	- प्राकृतिक स्रोत/संपदा का फाइदाहरुको सूची निर्माण गर्न । -प्राकृतिक स्रोत /संपदा संर क्षणको उपाय पहिचान गर्न ।	-प्राकृतिक स्रोतहरु हुने फाइदाहरु । -प्राकृतिक स्रोतमा देखिएका जोखिम र संरक्षणको उपाय ।	-प्राकृतिक स्रोत- जलवन, स्थल साँस्कृतिक सम्पदा । -फाइदा- सिंचाइ, सरसफाई, वनबाट वातावरण संरक्षण, काठ, दाउरा स्थल संपदा- कृषि उपज, फलफूल तरकारी खेती साँस्कृतिक संपदा-पर्यटन । -पानीका मुहान पुरिनु, नदी फोहोर हुनु, वनमा आगलागी भू-क्षय, मन्दिरहरुको स्याहार मर्मत नहुनु, प्राकृतिक स्रोतका जोखिम । -खोला, नदीनाला, कुवा, पधेँरोको संरक्षण । वन संरक्षण र वन कटानी रोक्ने उपाय। - मन्दिरहरु मर्मत गनु	-बालबालिकाहरुलाई प्राकृतिक स्रोतका फाइदा जोखिम र संरक्षणका उपायहरुको सूची तयार पार्न लगाउने र छलफल गर्ने ।	-प्राकृतिक स्रोत र फाइदाहरुको सूची । -जोखिममा परेका प्राकृतिक स्रोतको सूचि र तिनीहरुको संरक्षण झल्काउने चार्ट ।	- विद्यार्थी सहभागिता र प्रश्न उत्तरका आधारमा मापन गर्ने ।	२१

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
४. पेशा, व्यावसाय र प्रविधि	-पेशा, व्यावसाय र प्रविधिको महत्व बताउन । -पेशा, व्यावसाय र प्रविधिले र ाजगारी सृजनाको भूमिका	-पेशा, व्यावसाय र प्रविधिको महत्व र रोजगारी सृजनामा भूमिका ।	-पेशाको महत्व र रोजगारी सम्बन्धी क्रियाकलाप समावेश गर्ने । -व्यावसायको महत्व र रोजगारीमा क्रियाकलाप समावेश । -प्रविधिको महत्वको बारेमा जानकारी ।	-पेशाको महत्व र रोजगारीका स्थानीय उदाहरण सहित क्रियाकलाप गर्ने । -स्थानीय क्षेत्रका पर म्परागत प्रविधि निर्मित सामाग्रीको सूची सहित परिचय कोल(तोरी, उखु) ढिकि, जाँतो, पानि घट्ट ।	-यी पेशा, व्यावसाय र प्रविधिहरुको संरक्षणको आवश्यकता र उपयोगको स्थिति ।	-पेशाको महत्व के छ बताउन व्यावसायको महत्व के छ बताउन । -पेशा र व्यावसाय र प्रविधिले रोजगारी सृजनामा कस्तो भूमिका खेल्छ, बताउन ।	१६
५. विकासका पूर्वाधारहरु	-स्याङजा जिल्ला भित्रका मुख्य विकासका पूर्वाधारहरुको परिचय दिन ।	-स्याङजा जिल्ला भित्रका मुख्य विकासका पूर्वाधारहरु ।	-स्याङजा जिल्ला भित्रका मुख्य विकासका पूर्वाधारहरु (सिद्धार्थ राजमार्ग, राम्दी पुल, कालीगण्डकी जलविद्युत आयोजना, बुटवल पावर कम्पनी, मिर्मी सेतीवेणी जलयात्रा, मालुङगा, वालिङ, स्याङजा स्वास्थ्यचौकी, चापाकोट सिचाई लगायत खानेपानी वालिङ क्याम्पस, नमुना विद्यालयहरु, घिर्नीहरु समेत) ।	-सिद्धार्थ राजमार्ग, र ाम्दी पुल, कालिगण्डकी जलविद्युत आयोजना, बुटवल पावर कम्पनी, मिर्मी सेतीवेणी जलयात्रा, मालुङगा, वालिङ, स्याङजा स्वास्थ्यचौकि, चापाकोट सिचाई लगायत खानेपानी आदिको परिचय दिने । -क्षमता, उत्पादन,उपयो गिता, तथ्यगत रुपमा चार्ट सहित परिचय दिने ।कहिले निर्माण भयो लगानी कति लाग्यो सो समेत स्पष्ट उल्लेख गर्ने ।	- सिद्धार्थ राज मार्ग, राम्दी पुल, कालिगण्डकी जलविद्युत आयो जना, बुटवल पावर कम्पनी, मिर्मी से तीवेणी जलयात्रा, मालुङगा, वालिङ,स्याङजा स्वास्थ्यचौकी, चापाकोट सिचाई लगायत खानेपानी सँग सम्बन्धित फोटो, पोष्टर, भिडियो ।	-सिद्धार्थ राजमार्गको छोटो परिचय देऊ । -स्याङ्जामा रहेका मुख्य पुलहरु कुन कुन हुन ? -हाम्रो जिल्लाका मुख्य खानेपानी यो जना कुन होला ? -कालीगण्डकी जलविद्युतको छोटो परिचय देऊ ।	१६

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
६. ऐतिहासिक र पर्यटकीय स्थलहरु	-पुरानो गह्रौकोट राज्य, गह्रौसुर मन्दिर, छाँयाछेत्र मन्दिरको ऐतिहासिक परिचय दिन । -गह्रौसुर मन्दिर, छाँयाक्षेत्र मन्दिर मा लाग्ने पर्वहरुको बारेमा बताउन । -आँधीखोलाको ऐतिहासिक महत्व र त्यहाँको जल उपयोगको बारेमा बताउन ।	-गह्रौकोट राज्य, गह्रौसुर र छाँया क्षेत्र मन्दिरको ऐतिहासिक धार्मिक महत्व र परिचय । -त्यहाँ लाग्ने मुख्य पर्व, मेलाहरुको परिचय र विशेषता । -आँधीखोला (श्रवणकुमारको नामाकरण, पौराणिक महत्व र त्यहाँको जलसम्पदाको उपयोगको परिचय तथा ज्ञान ।	-गह्रौकोट राज्य र त्यहाँ शासन गर्ने राजाहरुको इतिहास समावेश । -गह्रौसुर देवी तथा छायाँ क्षेत्र शिव मन्दिरको महत्व, महिमा र विशेषताहरुको ज्ञान र सूचनामूलक प्रस्तुति । -आँधीखोला नदी उत्पत्ति, नामाकरण, पौराणीक कथा, त्यहाँको जलसम्पदाको महत्व र स्याङजाली सँस्कृति समे तको चर्चा । -गह्रौसुर र छाँयाक्षेत्र मन्दिर मा लाग्ने मेला पर्व र तिनीहरुको परम्पराको विवरणात्मक प्रस्तुति	-उपयुक्त सबै स्थानहरुको पाठगत परिचय व्याख्या महत्व बुझाई कुनै २ स्थलहरुको अवलोकन भ्रमण गराउने । -यी स्थलहरुको महत्व र विशेषता तथा आँधीखोलाको जलउपयोगको स्थितिका बुँदाहरु बताउने, लेख्न लगाउने र छलफल, प्रश्नोत्तर, अर्न्तक्रिया समेत गराउने । -त्यहाँ लाग्ने मेला पर्व आदिका बारेमा स्थानीय जानकार, मन्दिर समितीका पदाधिकारी, पुजारी समेतको उपस्थितीमा रोचक जानकारी गराउने ।	- ती स्थलहरु का फोटो, पोष्टर, चित्रहरु, तिनीहरुसँग सम्वन्धित श्रब्यदृश्य सामाग्रीहरु । - ती स्थल हरुका परिचयमूलक ब्रुसर, पत्रपत्रिका आदि ।	-गह्रौकोट राज्यको ऐतिहासिक परिचय लेख्न लगाउने । -गह्रौसुर मन्दिर र छाँयाक्षेत्र मन्दिरको ऐतिहासिक, धार्मिक महत्वका बुँदाहरु लेख्न लगाउने । -आँधीखोलाको नामाकरण र इतिहाससँग सम्बन्धित प्रश्नहरु सोध्ने र लेख्न लगाउने । -स्थलगत भ्रमणको अनुभव आदान प्रदान गराउने ।	२१

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
७. हाम्रो वातावरण प्रकोप र हरित विद्यालय	- प्रकोप र प्रदुषणबाट हुने हानी नोक्सानी र न्यूनीकरण उपाय बताउन । - हरित विद्यालय बनाउन भएका अभ्यास बारे बताउन ।	- प्रकोप र प्रदुषण बाट हुने नोक्सानी र न्यूनीकरणका उपाय । - हरित विद्यालय- हाम्रो अभ्यास ।	- प्रकोप र प्रदुषणबट हुने नोक्सानी - आगलागी बाढी पहिरोबाट धनजनको क्षती । - जल प्रदेषण, जमिन प्रदूषणबाट सरुवा रोग लागी स्वास्थ्यमा हानी । - प्रकोप र प्रदूषण हुनबाट रोक्ने - आगलागी रोक्ने - वन फडानी रोक्ने - खोलानाला फोहोर रोक्ने । - विद्यालयको फूलबारी, बगैँचा, तरकारी बारी	- आफूले देखेका प्रकोप र प्रदूषणको बारे मा भन्न लगाउने । - प्रकोप र प्रदूषणको सूची बनाउन लगाउने । - न्यूनीकरणका उपायबारे छलफल गर्ने । - आफ्नो र छिमेकी विद्यालयको फूलबारी बगैँचाको वर्णन गर्न लगाउने ।	- प्रकोप र विपदका चित्र पोस्टर । -न्यूनीकरणका उपायको सूची र चित्र । - हरित विद्यालयको चित्र ।	- विद्यार्थीको सहभागिता एवं प्रश्न उत्तरका आधारमा मापन गर्ने ।	१६
८. सामाजिक संघ संस्था र व्यक्ति	वालिङ नगर क्षे त्रका महत्वपूर्ण सामाजिक संघ संस्था र व्यक्तिको परिचय दिन । समाज सेवाको महत्व बताउन ।	सामुदायिकअध्ययन केन्द्र, आमा समूह, गुठी, क्लबहरुको परिचय सामुदायिक तथा संस्थागत कलेज तथा विद्यालयहरु मध्ये कुनै एकको परिचय दिलिप राजेश्वरी मल्लको जीवनी समाज सेवाको महत्व ।	उक्त संस्थाहरुको परि चय, उद्देश्य, स्थापना र क्रियाकलापहरुको जानकारी दिलिप राजेश्वरी मल्लको संक्षिप्त जीवनी । समाजसेवाको महत्व ।	ती संस्था र व्यक्तिगतसँग सम्बन्धित गतिविधि बारे जानकारी, छलफल, प्रश्नोत्तर सम्बन्धित संस्थाहरुको अवलोकन भ्रमण । सामाजिक सेवाको महत्व सम्बन्धमा बुँदा, टिपोट र छलफलल ।	ती संस्थाहरुसँग सम्बन्धित पुस्तक, ब्रुसर जीवनी डकुमे न्ट्री तिनीहरुसँग सम्बन्धित श्रव्य दृश्य सामाग्री ।	अध्ययन अवलोकन भ्रमणको अनुभव आदानप्रदान र परि योजना कार्य गर्न दिने । समाज सेवाको महत्व बताउन लगाउन ।	१४

क्षेत्र	सिकाइ उपलब्धि	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सम्भाव्य क्रियाकलाप	शिक्षण सामाग्री	मूल्यांकन प्रक्रिया	पा.भा.
९. स्वास्थ्य र सरसफाई	- घरमा तयार पारिएको र बजारमा पाइने (जंग फुड) खानाको फरक बताउन । - विद्यालयमा खाइने खाजाको सूची बनाउन । - विद्यालयमा स्वस्थ खाजा प्रयोग गर्न ।	- घरमा तयार पारिएको र बजार मा पाइने (जंक फुड) खाना । - विद्यालयमा खाजाको व्यवस्थापन ।	- विद्यालयमा खाइने खाजाको (स्वास्थकर) प्रकार र प्रयोग । - १. घरमा तयार पारिएको खानाको खानाको महत्व । - बजारमा पाइने खानाले पुऱ्याउने क्षतीको जानकारी । -. घरमा तयार पारिएको खाना र बजारमा पाइने खानाको परिचय र फरक ।	-स्वस्थ खाजाको बारे मा सानो लेख लेख्न लगाउने ॥ - खाना सम्बन्धि भिडियो देखाउने । - घरमा तयार पारिएको खाना र बजार मा पाइने खानाको फरक देखाई छलफल गराउने । - विद्यालयमा ल्याइने स्वस्थकर खाजाको सूचि बनाउने लगाउने	- घरमा तयार पारि एको खाना र बजारमा पाइने खानाको फरक देखाइएको चार्ट । - विद्यालयमा ल्याउन सकिने स्वस्थकर खाजाको चार्ट ।	- बालबालिकाले ल्याएको खाजा अवलोकन गरी कुन कुन खाजा घरमा तयार पारिएको र कुन कुन खाजा बजारमा पाइने छुट् याउन लगाउने ।	१३
१० स्थानीय, राष्ट्रिय र अन्तर ाष्ट्रिय खे लकुद	- स्थानीय खेलहरु खेल्न सक्ने । - राष्ट्रिय र अन्तराष्ट्रिय खेलका नामहरु भनी तिनीहरु खेल्ने नियमहरु भन्न सक्ने ।	-कपर्दी, ढुंगा चिन्ने खेल (लक्कु ढाल) भलिबल, क्रिकेट फुटबल, पौडी कुस्ती ।	- उल्लेखित खेलहरुको खेल्ने नियमहरुको तालिका । - खेलहरुको माध्यमबाट शारीरिक र मानसिक विकासमा पुऱ्याउने फाइदा ।	- समुह विभाजन गरी सम्बन्धित खेलहरु खेल्न लगाउने । - सम्बन्धित खेलहरुको भिडियो देखाउने । - शिक्षक र बाल बालिका बीच खेलको महत्वबारे अर्न्तक्रिया गर्ने ।	- सम्बन्धित खेलको लागि आवश्यक चार्ट, खेलका सामाग्री शिक्षकले प्रदर्शन गर्ने । - पावर पोइन्टको प्रयोग ।	- समुह विभाजन गरी सम्बन्धित खे लहरुका नियमहरु भन्न लगाउने। - नियमहरुको सूचीकरण गर्न लगाउने । - खेल खेल्न लगाई मूल्यांकन गर्ने ।	१४

सिकाई सहजीकरण विधि तथा प्रक्रिया

सक्षमता र सिकाई उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सृजना गरी शिक्षक, विद्यार्थी र बिषयगवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाई सहजीकरण गर्दा बालमनोविज्ञानको ध्यान दिई सिकाईलाई बालमैत्री विद्यार्थी केन्द्रित र सान्दर्भिक बनाउनुपर्दछ ।

स्थानीय पाठ्यक्रमको सिकाईका क्रममा विद्यार्थीहरुको सिकाई सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यावहारिक जीवनसँगै आवद्ध गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमको शिक्षण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशिल बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ । विद्यार्थी केन्द्रित सिकाई क्रियाकलापबाट सिकाई प्रभावकारी हुने स्थानीय विषयवस्तुलाई समावेश गर्न सहज हुने, बालवालिकाहरुले व्यवहारकुशल र जीवनपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरुमा भएको प्रतिभा प्रस्फटन हुने भएकोले सिकाई सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अवलम्बन गर्नुपर्दछ ।

स्थानीय पाठ्यवस्तुको सिकाई सहजीकरणका मार्गदर्शनहरु

कक्षा (१-५) सम्मको सिकाई सहजीकरणका प्रक्रिया देहाय बमोजिम सञ्चालन गरिनेछ ।

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्ररुपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ ।
- खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रब्यदृश्य सामग्रीको पर्दशन मार्फत सिकाईका क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ ।
- अवलोकलन, समुह कार्य, परियोजना कार्य, छलफल जस्ता विधिका माध्यमबाट बालबालिकाको सर्वाङगीण विकासमा जोड दिनुपर्दछ ।
- सिकाई सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाईमा जोड दिनुपर्दछ ।
- विद्यार्थीको सिकाईलाई केन्द्रबिन्दु मानी सिकाई सहजीकरण क्रियाकलाप सञ्चाल गर्नुपर्दछ ।
- विद्यार्थीको सक्रिय सहभागितमा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन प्रवर्तनमखी शिक्षण पद्धतिलाङ्ग सिकाई सहजीकरण विधिकारुपमा कार्यान्वयन गर्नुपर्नेछ ।
- सिकाई प्रक्रिया सैद्धान्तिक पक्षामा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनपर्नेछ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रबन्ध र खोजकर्ताको रुपमा भूमिका निर्वाह गर्नुपर्नेछ ।

- सिकाई क्रियाकलापमा शिक्षक र सिकारुबिचको अन्तरक्रिया समूहकार्य, सिकाई मूल्याङकन,शिक्षक शिक्षाक सहकार्य, शिक्षक समुदाय सहकार्य जस्ता कार्यलाई बढवा दिनुपर्दछ ।
- बालकेन्द्रित, सिकाई केन्द्रित, अनुभव केन्द्रित, उद्धेश्यमुलक र विविधतामा आधारित सिकाई सहजीकरण विधिको प्रयोग गरी सक्रिय सहजीकरण विधि प्रयोग गर्नुपर्नेछ ।
- क्रियाकलापमुखी सिकाईमा जोड दिई कक्षा (१-५) मा सिकाई सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने विधि र प्रक्रिया तल प्रस्तुत गरिएको छ ।
- कथाकथन एवम गीतः यस विधिमा विषयवस्तुलाई कथाको रुपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।
- आगमन विधिः यसमा सूचनाहरुको सङकलन, अवलोकन विश्लेषण, अनुमान, पुष्टि तथा निश्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।
- भूमिका निर्वाह/अभिनयः यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।
- निर्माणात्मक कक्षाः यस विधिमा मस्तिष्क मन्थन, पाठ सम्बन्धि पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै वैयक्तिक चिन्तन, समूह कार्य, प्रश्नोउत्तर) आवश्यकता अनुसार टे वा प्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ ।
- सहयोगात्मक कक्षाः यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।
- परियोजना कार्यः विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिइ विद्यार्थीले आफै खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।
- छलफल र प्रश्नोत्तरः यसमा शिक्षक विद्यार्थी, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ ।
- अन्वेशण अनुसन्धान तथा खोजः यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोजकार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरुद्धारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।
- प्रविधियुक्त कक्षाः मोवाइल, कम्प्युटर,प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरुको दृश्याङकन गर्न सकिन्छ ।
- सिर्जनात्मक कार्यः यसमा चित्र निर्माण,रङ भर्ने आदी कार्यद्धारा सिकाई गर्न सकिन्छ ।
- समस्या समाधान विधिः यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन,पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्धारा समस्या समाधान गरिन्छ ।
- खेल विधिः यस विधिमा विषयवस्तुलाई खेलको माध्यमबाट प्रस्तुत गर्न अभ्यास गराइन्छ ।

- प्रयोगात्मक विधि: यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइन्छ ।
- भ्रमण: विभिन्न धार्मिक तथा साँस्कृतिक स्थलको भ्रमण गराई त्यहाँको अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्न गराइन्छ ।
- प्रदर्शन विधि: विषयवस्तुसँग सम्बन्धित तस्विर, फोटो तथा श्रब्यदृश्य सामाग्री प्रदर्शन गरिन्छ ।
- अन्तरक्रिया: यसमा छलफलको योजना र तयारी, वृहत समूहमा छलफल सञ्चालन वा समूह विभाजन कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतिकरण, तुलना विश्लेषण तथा मूल्याङकन र निश्कर्ष निकालिन्छ ।

विद्यार्थी मूल्याङकन प्रक्रिया:

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङकन देहायका विधि र प्रक्रियाका आधारमा गरिनेछ ।

- आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङकन पद्धतिका आधारमा विद्यार्थीको सिकाईलाई मापन गर्ने । यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङकनमा निर्माणात्मक मूल्याङकन पद्धतिलाई अवलम्वन गरिनेछ ।
- कक्षा (१-३) मा निरन्तर मूल्याङकन पद्धतिका आधारमा कक्षोन्नोति गरिनेछ । यसका लागी निरन्तर मूल्याङकन पद्धतिको अनुसूचि १ को फारम प्रयोगमा ल्याइनेछ र क देखी ग श्रेणीलाई आधार दिइनेछ ।
- कक्षा (४-५) मा ५० प्रतिशत निरन्तर मूल्याङकन पद्धति र ५० प्रतिशत निर्णयात्मक मूल्याङकनबाट विद्यार्थीको मुल्याङकन गरिनेछ। विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिबाट गरिनेछ ।
- स्थानीय विषयको पठनपाठनद्धारा विद्यार्थीहरुले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएको ले नियमित सहभागिता हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङकन गरिनेछ ।
- प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (portfolio) फाईल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, लिखित कार्य, मौखिक कार्य, हाजिरी, विद्यार्थीको कार्यको पर्दशन, अभिभावकको प्रतिक्रिया, सामुहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही अनुरुप मूल्याङकन गरिनेछ ।
- विद्यार्थीको मूल्याङकन गर्दा ज्ञान तहमा अति छोटा, बोध तहमा छोटा र उच्च तहमा लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरु समावेश गर्नुपर्नेछ ।

पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न विद्यालय, प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरुलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ। स्थानीय परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिनेछ। समुदायका विज्ञ, बुद्धिजिवि, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रका जानकार व्यक्तिहरु स्रोतव्यक्तिको रुपमा रहनेछन । विद्यालयले यस पाठ्यक्रमको कार्यान्वयनको क्रममा आवश्यकता र औचित्य अनुसार नेपाली भाषा, स्थानीय भाषा, अंग्रेजी भाषाको माध्यम समेत अवलम्बन गर्न सक्नेछन । विषयक्षेत्रमा आवद्ध गाँउपालिका र नगरपालिका एवम् जिल्लाका विवरणहरु सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश भएका प्रमुख क्षेत्र र स्थलहरुको अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरुको समूह कार्य र अन्तरक्रियालाई जोड दिइनेछ । स्थानीय पाठ्यक्रम सिकाईको सहजीकरण गर्नको लागी शिक्षकहरुलाई तालिम, गोष्ठी, कार्यशालाको सञ्चालन गरिनेछ ।

समय निर्धारण

आधारभूत तह कक्षा (१-३) मा स्थानीय विषयको साप्ताहिक पाठ्यभार ६ घण्टी हुनेछ। त्यसैगरी आधारभूत तह कक्षा (४-५) मा स्थानीय बिषयको साप्ताहिक पाठ्यभार ५ घण्टी हुनेछ। आधारभूत तह (१-३) को वार्षिक पाठ्यभार १६० घण्टा र कक्षा (४-५) को वार्षिक पाठ्यभार १२८ घण्टा हुनेछ। ४५ मिनेटको १ घण्टी कायम गरिएको छ। प्रत्येक शैक्षिक सत्र बैशाखबाट शुरु भएर चैत्र मसान्तर सम्म कायम रहनेछ।

पाठ्यक्रम परिमार्जन

समय परिवर्तन भएकोले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा आकांक्षा र आवश्यकताहरु परिवर्तनशिल हुन्छन । उक्त चाहना र आवश्यकताहरु पाठ्यक्रममा समावेश हुनुपर्दछ, जस्ले विद्यार्थीको ज्ञान, सिप र व्यावहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरुप यो पाठ्यक्रमले पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्नका लागी आवश्यकता अनुसार परि मार्जन गर्नुपर्दछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरुको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निश्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लागिनेछ ।

अनुसूची - १

विद्यार्थी मूल्याङ्कन

क) निर्माणात्मक मूल्याङ्कन

कक्षा: १-३

विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिकाहरु/साधनहरु

क्र.स.	मूल्याङकनका तरिकाहरु	कैफियत
१	कक्षामा उपस्थित तथा व्यवहारिक परिवर्तन	
२	परियोजना कार्य	
३	लिखित कार्य	
४	मौखिक कार्य	
५	कक्षाकार्य/ गृहकार्य	
६	अभिभावकको प्रतिक्रिया	
७	सामुहिक कार्यमा सक्रियता	
८	कुराकानी, छलफल	
९	रचनात्मक कार्य	
१०	स्थलगत अध्ययन/प्रतिवेदन	
११	अवलोकन	

कक्षा (४-५) को निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारहरु

क्र.स.	मूल्याङ्कनका तरिकाहरु	कैफियत
१	कक्षामा उपस्थित तथा व्यवहारिक परिवर्तन	
२	परियोजना कार्य	
३	लिखित कार्य	
४	मौखिक कार्य	
५	कक्षाकार्य/ गृहकार्य	
६	अभिभावकको प्रतिक्रिया	
७	सामुहिक कार्यमा सक्रियता	
८	कुराकानी, छलफल	
९	रचनात्मक कार्य	
१०	स्थलगत अध्ययन/प्रतिवेदन	
११	अवलोकन	

निर्णयात्मक मूल्याङ्कन (परीक्षा) कक्षा (४(५)

पूर्णाङ्क(५०

समय - १ घण्टा ३० मिनेट

प्रश्नका प्रकारहरु

ज्ञान तह	बोध तह	उच्च तह
३० प्रतिशत	४० प्रतिशत	३० प्रतिशत

विशिष्टकरण तालिका

क्षेत्र	संक्षिप्त प्रश्न संख्या	प्रश्न अंक भार	जम्मा अंक	छोटो प्रश्न संख्या	प्रश्न अंक भार	जम्मा अंक	लामो प्रश्न संख्या	प्रश्न अंक भार	जम्मा अंक	कै.
१.हाम्रो नगरपालिका	२	१	२	१	२	२	१	३	३	
२. संस्कार र संस्कृति	२	१	२	१	२	२				
३. प्राकृतिक स्रोत र सम्पदा	२	१	२	१	२	२	१	३	३	
४. पेशा व्यवसाय र प्रविधि	१	१	१	१	२	२				
५. विकासका पुर्वधारहरु	२	१	२	१	२	२	१	३	३	
६. ऐतिहाँसिक र पर्यटकिय स्थलहरु	२	१	२	१	२	२				
७.हाम्रो वातावरण, हरित विद्यालय र प्रकोप	१	१	१	१	२	२	१	३	३	
८. सामाजिक संघ संस्था र व्यक्तित्व	१	१	१	१	२	२				
९ स्वास्थ्य र सरसफाई	१	१	१	१	२	२	१	३	३	
१०. स्थानीय खेलकुदहरु	१	१	१	१	२	२				
जम्मा	**१५**	**१**	**१५**	**१०**	**२**	**२०**	**५**	**३**	**१५**	

नोट :

१) **प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तहका प्रश्नहरु निर्माण गर्नुपर्दछ ।**

२) **ज्ञान तहका सबै प्रश्नहरु १ अंक, बोधका २ अंक र उच्च तहमा ३ अंकका हुनेछन ।**

३) **ज्ञान तहका प्रश्नका लागी खाली ठाँउ भर्ने, अति संक्षिप्त, बहुवैकल्पिक, ठीक वेठीक, जोडा मिलाउ जस्ता प्रश्नहरुको समावेश गरिनेछ ।**